# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३७ पूर्णाङ्क १३५ | २०७५ फागुन २७ गते सोमबार | Monday, Mar. 11, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## कमरेड कृष्णदास श्रेष्ठको श्रद्धाञ्जली सभा इच्छुक प्रतिष्ठानमा



काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका शिखर व्यक्तित्व, पहिलो पुस्ताका नेता, मार्क्सवादी चिन्तक, लेखक तथा अनुवादक कमरेड कृष्णदास श्रेष्ठको श्रद्धाञ्जलीसभा इच्छुक साँस्कृतिक प्रतिष्ठानमा हुने भएको छ। नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रको आयोजनामा फागुन २७ अर्थात् सोमबार (आज) श्रद्धाञ्जली सभा हुने भएको ...बाँकी ८ पेजमा

# 'राष्ट्रिय स्वाधीनताको विषयमा सबै पार्टी एकढिक्का हुनुपर्छ'




काठमाडौं । राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका विषयलाई लिएर लामो समयदेखि संघर्ष गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले राष्ट्रिय स्वाधीनताको सवालमा सबै राजनीतिक पार्टीहरू एकढिक्का भएर अगाडि बढ्नुपर्ने विचार प्रस्तुत गरेका छन् । पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको काठमाडौं जिल्लाले आयोजना गरेको 'देशको स्वाधीनता र नेपालको वास्तविक नक्सा प्रयोगको प्रश्न' विषयक अन्तरसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो विचार प्रस्तुत गरेका हुन् । महासचिव किरणले नेपाल कम्युनिस्ट पार्टीले स्थापनाकालदेखि नै राष्ट्रियताको विषयलाई प्रमुख मुद्दा बनाउँदै आएको चर्चा गर्दै अहिले कम्युनिस्ट नामको सरकार छ तर राष्ट्रियताको विषय यति गम्भीर र संवेदनशील रूपमा अगाडि आउँदा पनि सरकार चुँसम्म नबोल्नु बिडम्बना भएको बताए ।

राष्ट्रियताको विषयमा आफूहरू गम्भीर रहेको बताउँदै महासचिव किरणले राष्ट्रिय स्वाधीनताको विषयमा जुनसुकै पार्टी र आस्थाको मान्छे भएपनि एकढिक्का भएर अगाडि बढ्नु पर्छ भने, "सीमा अतिक्रमण भइरहेको छ, हस्तक्षेप बढिरहेको छ, राष्ट्रिय स्वाधीनतामाथि गम्भीर संकटहरू देखापरिरहेका छन्, त्यसका विरुद्ध सबै पार्टीहरू एकढिक्का भएर लड्नु पर्छ ।"

नेपालमा कम्युनिस्ट पार्टीले स्थापनाकालदेखि नै राष्ट्रियताको विषयलाई प्रमुख मुद्दाको रूपमा उठाएको चर्चा गर्दै महासचिव किरणले भने, "कम्युनिस्ट नामको सरकारले अहिले किन राष्ट्रियताको विषयमा बोल्न सकेको छैन, यसको बारेमा हामी सरकारलाई पनि घचघच्याउँछौं, जनतालाई पनि जागृत पार्छौं ।"

कार्यक्रमलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले मोर्चाको हालै सम्पन्न मेची-महाकाली अभियान राष्ट्रिय स्वाधीनताकै विषयलाई केन्द्रमा राखेर १५ दिनसम्म चलाएको र अतिक्रमित भूमिको निरीक्षण समेत गरेको चर्चा गर्दै राष्ट्रिय स्वाधीनताको विषयमा जनतामा समेत जागरण पैदा भइरहेको बताए । यस्ता कार्यक्रमलाई मोर्चाले आगामी दिनमा निरन्तरता दिने जनाउँदै सबै देशभक्त तथा राष्ट्रवादीहरूलाई एकढिक्का भएर आवाज उठाउन आव्हान समेत गरे ।

"अहिले प्रयोगमा आएको नक्सा के शुद्ध छ ? सुगौली सन्धिले इङ्गित गरेको सिमाना के नक्सामा देखाइएको छ ? निशाना छापमा हालिएको नक्सा शुद्ध छ ? नेपालको संविधानमा के नेपालको नक्सा परेको छ ? भारतबाट प्रकाशित गरेको नेपालको नक्सा के शुद्ध छ ? नेपाल ...बाँकी ५ पेजमा

## किसान महासंघ (क्रान्तिकारी)को राष्ट्रिय भेला सम्पन्न

*अध्यक्षमा सीताराम तामाङ, महासचिवमा धनेश्वर पोखरेल, १२ वटा घटक संगठन निर्माण*



चितवन । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट किसान संगठन राष्ट्रिय भेलामार्फत् अब महासंघीय संरचनामा गएको छ । चितवनमा सम्पन्न भेलाले संगठनको नाम अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) बनाएको छ । यसअघि संगठनको नाम अखिल नेपाल किसान संघ(क्रान्तिकारी) थियो । भेलाले ४५ सदस्यीय ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीले देशैभर मनायो सहिद सप्ताह



काठमाडौं । दशवर्षे जनयुद्धको प्रक्रियाका बीचबाट परिवर्तनको आन्दोलनमा आफ्नो अमूल्य जीवनको बलिदान गर्ने महान सहिदहरूको सम्झना र सम्मानमा मनाउन थालिएको सहिद सप्ताहलाई ...बाँकी ७ पेजमा

## *मेची–महाकाली अभियानको भव्य समापन*

## 'जनगणतन्त्रका लागि सडक संघर्ष निर्विकल्प'




चितवन। देशभक्त जनगणतान्त्रिक मोर्चाको नेतृत्वमा सञ्चालित १५ दिने मेची-महाकाली अभियानको समापन सभालाई सम्बोधन गर्दै मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले अब सडक आन्दोलनबाटै यो ...बाँकी ८ पेजमा

## क्रान्तिकारी महिलाहरूले यसरी मनाए देशैभर श्रमिक महिला दिवस



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी)ले देशैभर १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाएको छ । काठमाडौं उपत्यकामा संगठनको केन्द्रीय समितिको ओयाजनामा रत्नपार्क शान्तिबाटिकामा कोणसभाको आयोजना गऱ्यो । उपत्यकाको कोणसभालाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीस, संगठनकी केन्द्रीय अध्यक्ष अम्बिका मुडभरी, प्रा.डा. जगदीशचन्द्र भण्डारी लगायतका नेताहरूले सम्बोधन गरे। रूपा गेलालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता संगठनकी महासचिव शारदा महतले गरेकी थिइन् । स्वागत मन्तव्य विष्णु न्यौपानेले गरेकी थिइन् । कार्यक्रममा क्रान्तिकारी कविताहरू समेत वाचन गरिएको थियो । ...बाँकी ७ पेजमा

# नेपालमा राष्ट्रवादी सरकार नहुनुको पीडा

नेपालको इतिहासमा लामो समयदेखि हामी कम्युनिस्टले नेपाली कांग्रेसलाई भारतीय दलालको पार्टी भन्दै आयौं । तर अहिले त तिनै कम्युनिस्टमध्ये नै एउटा पार्टी डबल नेकपालाई विदेशी दलालको संज्ञाले सम्बोधन गर्नु पर्ने भएको छ। किनभने, अहिले नेकपाको नेतृत्वको सरकार छ, तर उसका हरेक निर्णय र क्रियाकलापले नेपालको राष्ट्रियतामाथि आँच ल्याउने र विदेशी दलाललाई फाइदा पुऱ्याउँदै जाने गरिरहका छन् ।

**सरकारले ल्याउन थालेको नागरिकतासम्बन्धी विधेयकले नेपाललाई फिजीकरणतर्फ लैजाने सम्भावना प्रबल रूपमा बढ्दै गइरहेको छ । यसले संघीय संसदमा हालै दर्ता गरेको 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा साना तथा मझौला उद्योगमा विदेशी लगानी खुला गर्न सक्ने प्रावधान राखेर ल्याएको छ**



● हुकुमबहादुर सिंह ●

सरकारले ल्याउन थालेको नागरिकतासम्बन्धी विधेयकले नेपाललाई फिजीकरणतर्फ लैजाने सम्भावना प्रबल रूपमा बढ्दै गइरहेको छ । यसले संघीय संसदमा हालै दर्ता गरेको 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा साना तथा मझौला उद्योगमा विदेशी लगानी खुला गर्न सक्ने प्रावधान राखेर लयाएको छ । नेपालको सन्दर्भमा साना तथा मझौला उद्योग भनेको नेपालका उद्योगपतिहरू, जसलाई हामी राष्ट्रिय पु'जीपति भन्दछौ, उनीहरूको लगानी सुनिश्चित गर्नु पर्ने क्षेत्र हो ।

विगतमा यो क्षेत्र राष्ट्रिय लगानीको क्षेत्र थियो । तर अब यो विधेयकले गर्दा त्यसमा उनीहरूले वैदेशिक दालाल पुँजीपतिसित प्रतिस्पर्धा गर्नु पर्ने बाध्यता सिर्जना हुन गएको छ । यसले समग्रमा नामधारी कम्युनिस्ट सरकारको तथा कथित समुन्नत नेपालको आधार नेपालका राष्ट्रिय पुँजीपति वर्ग नभई वैदेशिक एकाधिकार दलाल पुँजी वा विदेशी शक्ति र व्यक्ति बन्न गएको स्पष्ट हुन्छ ।

अहिले नेपालका केही घरेलु उद्योगका क्षेत्रहरू आत्मनिर्भर बन्दै गएको अवस्थामा यी क्षेत्रमा विदेशी लगानीलाई खुलागर्दा यी उद्योगले ती वैदेशिक लगानीसित प्रतिस्पर्दा गर्न सक्दैनन् । अनि नेपालको उद्योगका हरेक क्षेत्रबाट ...बाँकी ७ पेजमा

## सम्पादकीय

# विभाजित र दुरुत्साहित महिला दिवस

आठ मार्चको अन्तर्राष्ट्रिय महिला दिवस संसारभर मनाइयो। तर यो दिवसले केवल औपचारिक र परम्परागत रूप मात्र लियो। मार्च आठ संघर्षको दिवस हो, त्यसमा पनि संसारभरका उत्पीडित महिलाहरूको मुक्तिसँग जोडिएको दिवस। यसको उठान र विरासत भनेकै महिला मुक्तिको संघर्ष थियो र हो पनि। आठ मार्च मनाउन यो वर्ष पनि विश्वभरका महिलाहरू सडकमा त उत्रिए, तर उनीहरूले मात्र महिलाको उपस्थिति जनाए। केही मागहरू राखे, प्रस्ताव गरे। भाषण गरे। केवल एक दिन महिला दिवसका रूपमा समय खर्च गरे। पुरुषहरू पनि त्यो दिवसमा सहभागी भए। भाषण गरे र सहकार्यको हात बढाउने पृतिवद्धता जाहेर गरे। ऐक्यवद्धता पनि जनाए। तर यो दिवसको आन्तरिक प्राण संसारभर आठ मार्च दिवसमा कतै पनि देखिएन। भूमिगत आन्दोलनहरूका कुरा अलि विशिष्ट नै भए। तर महिला दिवस अन्य दिवससरह मनाइयो। मात्र फरक थियो, महिला लेखिएको ब्यानर र केही बढी महिलाहरूको उपस्थिति।

संसारमा पुँजीवाद कलात्मकतामा बहुरूपी शोषणको स्वरूपहरू विकास गर्दै जिइरहेको छ। सामन्तवाद पनि कतैकतै यसको रंगीन पर्दाभित्र सानो 'स्पेस' लिएर उसलाई सघाइरहेको छ। अवशेषको रूपमा रहेको जीर्ण शरीर हात थापेर पनि अघाइरहेको छ। विश्वको कूल जनसंख्याको ५२ प्रतिशत आधाभन्दा बढी आकाश र आधाभन्दा बढी धरती ओगटेका महिला यो वर्षको मार्च ८ मा ज्यानलाग्ने आन्दोलनको हुंकार दिन सकेनन्। विगतका जर्मनीका, अमेरिकाका र अन्य महिला संघर्षका इतिहासहरू पाठ वाचन र श्रवण गरिए। आफूले भोगे जानेका कुराहरू प्रचार गरिए, तर यति ठूलो संसारको कुनै पनि कुनाबाट महिलाले नेतृत्व गरिरहेको यो आन्दोलन भनेर चर्चा गर्नयोग्य घटना प्रचारमा आएन।

यो हामी नेपाली आकाश र धरतीका साथै संसारभर उत्तिकै सत्य हो। महिला आफैमा उत्पीडित वर्गका त हुन्, त्यो भन्दा पनि बढी पुरुषआश्रित। संसार पितृसत्तात्मक छ। पुरुषहरू सत्तामा छन्। राज्यको सत्तामा छन्। समाजको सत्तामा छन् र घरघरको सत्तामा छन्। पुरुषहरू शायद पुरुष र महिला दुवैको मन र मनोविज्ञानको सत्तामा पनि छन्। यति मात्र होइन, पुरुषहरू आर्थिक, राजनीतिक र बलको सत्तामा पनि छन्। हर क्षेत्रमा रहेको पुरुषको सर्वव्यापी सत्ताका कारण महिलालाई 'महिलावादी आन्दोलन' तिर प्रेरित पनि गरिरहेको छ। कतै परसम्म तानिने र कतै वरसम्म पनि मिसिने अतिवादी लाग्ने खालका सोचहरूका अलावा अहिलेसम्मको अनुभवबाट विश्व महिला जगतले मनन् गर्न पुगेको कुरा के हो भने 'अट्याच' र 'डिट्याच' दुवै कुरा गलत हुन्। बरु समाजमा रहेको उत्पीडनको स्वरूपको पहिचान गरी यसको हल गर्न संघर्षका स्वरूपहरूको घोषणा, ती संघर्षहरूको निरन्तर अगुवाई र हरेक संघर्षको एक न एक प्रतिफल हात पार्दै अघि बढेमा केही थोरै कुरा भए पनि हात लाग्ने थियो।

विचार, दर्शन स्वार्थ अनुसार महलाहरू पनि विभिन्न वर्गस्वार्थहरूमा बाँडिन पुगेका छन्। यो कुरा उनीहरूलाई बोध पनि छ। तर महिला आन्दोलन समग्र समाज रूपान्तरणको आन्दोलनको एक सानो हिस्सा मात्र हुनजाने भएकाले यसलाई सिंगो वर्गीय आन्दोलनसँग जोड्नु र अघि बढाउनु जरुरी छ। नेपालमा त दुईतिहाई प्राप्त वामपन्थी भनिने समाजवाद निर्माणको अट्टहास गरिरहेको ओली सरकारले महिला दिवस मनाइरहेका वामपन्थी महिलाहरूलाई गिरफ्तार गरेर हिरासतमा लिएको छ। महिला दिवस मनाइरहेका बेला गिरफ्तार परेका महिलाहरूका कुराहरू लिएर तिनलाई रिहाइ गर्न सडकमा पनि आउन सकिरहेका छैनन् नेपाली महिलाहरू। कति विभाजित र दुरुत्साहित छ नेपाली महिला आन्दोलन।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# विश्व महिला आन्दोलन र नेपालका महिलाको भूमिका

## १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा



*क. हेमन्त*

अँध्यारो पक्षका शक्तिहरूले आम जनता तथा महिलाहरूमाथि आफ्नो भएभरको तागतले आक्रमण गर्छन र उनीहरूको मुक्तिको सङ्घर्षलाई तुहाइदिन चाहन्छन्। यसै क्रममा नेपालमा पनि २०५२ देखि ०६२ सम्मका लामा थुप्रै सङ्घर्ष गरेर पाएका अधिकारहरू एक पछि अर्को खोसिइँदै गइरहेको छ।

इतिहासले आखिरमा के कुरा सिद्ध गरिदिएको छ भने पुँजीवादी संसारमा महिला मुक्तिको समस्या अन्तिम रूपमा समाधान गर्न सकिदैन भने झैँ महिला मुक्तिको आन्दोलनबिना गरिखाने जनताको शोषण र उत्पीडनबाट मुक्ति पाइँदैन। विश्वमा महिलाहरूले र तिनका संघ/संगठनहरूले सयौं वर्षसम्म आन्दोलन गरेर मात्र श्रमिक महिलाको नाममा दर्ज भए।

१९ औं सताब्दीको सुरुमा युरोप र अमेरिकाको बुर्जुवा समाजमा महिलाहरूको वास्तविक र वैधिक स्थिति बन्यो। महिलाहरूको "शारीरिक तथा प्राकृतिक दुर्बलता, पारिवारिक जिम्मेवारी, प्रजनन, बालबालिकाको पालन पोषणमा मात्र सिमित राखी पुरुषको समकक्षमा हुन सक्दैनन्" भन्ने विषयमा धेरै संसदवादीहरूले समर्थन गरे। यस्ता पदावली प्रयोग गरी पूँजीवादीको महिलामाथि हेर्ने यस्तो दृष्टिकोण थियो। त्यत्तिबेला महिलाको रुचि र सक्रियता भान्सा, धार्मिक कोठा, केटाकेटी हेरचाह तथा पालन पोषणमा मात्र सिमित पारे। ब्रिटेनमा १८४७ मै महिलाहरूको १ दिनको श्रम १० घण्टा कायम गरिएको थियो।

१८४८-४९ मा भएको युरोपियन क्रान्तिले महिलाहरूको राजनीति एवम् नागरिक अधिकारको हक प्रदान गर्‍यो। १८५८ मा ब्रिटेनमा महिलाहरूले पारपाचुके गर्ने अधिकार प्राप्त गरे। अमेरिकामा १८६९ मा २ वटा महिला मताधिकार संगठनको स्थापना भयो। १८८८ मा नारीवादीहरूको पहलमा पहिलो अन्तराष्ट्रिय महिला परिषद् स्थापना भयो। १८९० मा मात्रै अमेरिकामा यो अस्तित्वमा आयो। १९४६ मा यो नाम बदलेर "अन्तराष्ट्रिय महिला संश्रय समान अधिकार समान दायित्व" राखियो।

त्यस्तै १८६९ महिलाहरूले कर तिर्ने, नगरपालिकामा मताधिकारको प्रयोग गर्ने अधिकार प्राप्त गरे। १८७० मा अमेरिकामा "लिबरल" व्यवसाय गर्ने अधिकार प्राप्त भयो। १८७१ मा पेरिस कम्युनमा महिलाहरूको उत्कृष्ट सहभागिताले राजनीति र सामाजिक आन्दोलनहरूमा भाग लिएका थिए।

१८८९ मा ट्रेड युनियनले तिनीहरूलाई सदस्यता पनि प्रदान गर्‍यो। १८९१ मा जर्मनीको सामाजिक जनवादी पार्टीले "एर्फुटे" कार्यक्रममा महिला अधिकारको मागलाई समावेस गर्‍यो। १८९१ मा नै श्रम गर्ने महिलाहरूको एउटा पत्रिका प्रकाशन भयो। उक्त पत्रिकाा १८९२ देखि १९१७ सम्म प्रकाशित भै रह्यो। १८९२ मा श्रम संरक्षण पहिलो कानुन बन्यो। १९०४ मा अन्तर्राष्ट्रिय महिला मताधिकार संघको स्थापना भयो।

महिला समाजवादीहरूको पहिलो र दोस्रो अन्तराष्ट्रिय सम्मेलनले १९०७ मा स्टुगार्ड र १९१० मा कोपेनहेगन घोषणा पत्र जारी गरी प्रत्येक वर्ष अन्तरराष्ट्रिय महिला दिवस मनाउने भन्ने ऐतिहासिक निर्णय गरेकै कारण हामी पनि महिला दिवस वर्षैपिच्छे मनाउँदै आइरहेका छौं।

विश्वका जुनसुकै पूँजीवादी मुलुकमा पनि जातिवादी समाज वर्गीय हुन्छ। अझ नारीजातिको हकमा त त्यो झनै विभेदकारी बनेको हुन्छ। चाहे घरभित्र होस् वा घर बाहिर जहा पनि नारीमाथि विभेद हुने गर्दछ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला माथि श्रम शोषण हुँदै आइरहेको छ। यस्ता शोषणलाई बढुवा दिने नियतले नै विभिन्न मालवस्तुहरूमा विज्ञापनको माध्यम बनाउँदै लगेका छन्।

ऐँगेल्सको "परिवार निजी सम्पत्ति तथा राज्यको उत्पत्ति" मा उल्लेख भएअनुसार पृथ्वीमा प्रकृतिकै खेल देखिन आउँछ। मानव जीवन नै स्त्री र पुरुष हो। अर्थात् प्रकृतिबाटै मानवको उत्पत्ति भएको हो। पहिला आदिम साम्यवादमा मातृसतात्मक समाज थियो। त्यतिखेर महिलाहरूनै पुरुष माथि हाबी रहँदै आएका हुन्थे।

यसै क्रममा नेपालमा पनि यहाँका कतिपय स्थानहरूमा नारीका चित्र तथा मूर्तिहरू देवीका आकारमा बनाई हालसम्म पनि पूजिदै आइरहेका छन्। कान्तिपुर उपत्यकामा बस्ती बस्नु भन्दा अघि चीनबाट आएका मञ्जुश्रीले यहाँका वरदा र मोक्षदा (फुलचोकी र चम्पादेवी) को सहायताले नै यहाँको पानी फालिएको भन्ने किम्बदन्ती छ।

तल खाल्टोमा विसाल पोखरी भएको हुँदा त्यत्तिखेर बस्तीहरू अग्लो डाँडाको भूभागमा रहेको प्रष्टिन्छ। त्यसैले पहाडका टुप्पोका वस्तिमा त्याहाँका गण प्रमुख (फुलचोकी र चम्पादेवी) जस्ता महिलाहरू हुन सक्छन्। यसरी अध्यन गरी हेर्दा अरु मुलुकका तुलनामा नेपालमा मातृसत्तात्मक सत्ताका अवशेष अझैं रहेको पाइन्छ।

यी भनाइमा अध्यन गरी हेर्दा नेपालमा पनि मातृसतात्मक समाज थियो। जङ्गली युगको अन्त्यतिर सिकारमा ढुङ्गाको सट्टामा फलामे हतियार बन्न थाल्यो। त्यहि हतियारबाटै हतियारधारी मालिक र अरु दास बन्न पुगे। त्यसैले माओले भन्नु भए झैं "सत्ता बन्दुकको नालबाट जन्मन्छ।" ती हतियारद्वारा नै सारा वस्तुहरू कब्जा गरी सबैलाई दास बनाइयो। आदिम साम्यवाद युगबाट मातृसतात्मक शासन हाबीमा बाधा अड्चन आयो। पहिलाको ठीकविपरीत भएर महिलामाथि पुरुष शासन हाबि हुन पुग्यो। सामन्ती शासन व्यवस्थाहुँदै पुँजीवादी व्यवस्थाको मध्यतिर आइपुग्यो।

कार्ल मार्क्सको भाषामा "सर्वहारा वर्गले अरु सबैलाई मुक्त पारेपछि मात्र आफू मुक्त हुन्छ।" भने झैँ "सर्वहारा वर्ग मुक्त भए पनि महिलाहरू मुक्त हुँदैनन्। महिलाहरू सर्वहारा वर्गबाट पनि उत्पीडित भएका हुन्छन्।" सबैलाई उन्मुक्ति दिने क्रममा आफू उत्पीडनमा परिरहेका हुन्छन्। यो प्रक्रिया हाम्रो विद्यमान समाजमा अहिले प्रष्ट देखिन आउँछ।

### क्रान्तिकारी परिवर्तनकामी महिला

नेपालमा पनि हिजो सामन्ती युगमा गार्गी, कीर्तिलक्ष्मी जस्ता नारीहरूले अन्यायविरुद्ध लडेका थिए। राणा साशनका बेला पनि मङ्गलादेवी, पूण्यप्रभा, साहना प्रधान, शान्ता श्रेष्ठ, लगायत महिलाले महिला आन्दोलनको नेतृत्व गर्दै आएका थिए। त्यत्तिखेर महिलामाथि शिक्षा दिन, लेखपढ गर्न सरकारले बन्देज लगाउँदै आएको थियो। राणा शासन एक जङ्गी शासन भएकोले विद्रोह गर्ने आँट कसैले सितिमिति गर्न सक्दैनथे। माथिका नेतृहरूले साहसपूर्वक त्यत्तिखेर आँट गरेकै हुन्।

२०५२ जनयुद्धको सुरुदेखि नै नेकपा माओवादीमा महिलाहरू आवद्ध भैसकेका थिए। उनीहरूको सेल्टरमा व्यवस्थापनको जिम्मेवारी त्यहीं भूगोलमा रहेका आमा, दिदीबहिनीहरूले नै सम्हालेका हुन्थे। प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध छापामार युद्धमा सक्रिय हुँदै आएकी सहिद दिलमाया योञ्जन, चुनु गुरुङ, निर्मला देवकोटा, रुबी कुँवर, रेणु दुलाल, जया दाहाल (श्रृष्टि) निर्मला आछामी, मञ्जु कुँवर, सम्झना माझी, रिता सिदाली, अनिता माझी, निता मगर लगायत विभिन्न जातजातिका महिलाहरू नै थिए।

जनयुद्धको क्रममा गिरफ्तारमा परेर गोरखा लगायतका जिल्लामा प्रतिक्रियावादीको कारागार तोडेर पनि महिला जनयुद्धमा पुनः सरिक हुन पुगेका थिए। अन्य महिलाहरू सैनिक कमाण्डर समेत बनेर ब्यारेक आक्रमणमा सहभागी भएका घटनाहरू पनि हाम्रा सामु ताजै छन्।

यस्तै सांस्कृतिक टिममा कयौं महिलाले सहादत प्राप्त गरे। कति महिलाका शरीर अंगभंग भएका थिए। नेपालको जनयुद्धमा महिलाहरू पुरुषहरूभन्दा बढि लागिपरेका उदाहरण हाम्रासामु बाँकी नै छ।

### संसदवादी महिलाको भूमिका

कथनअनुसार "दुधगुनाको बुद्धि र संगतगुनाको फल" भने झैं संसदवादी महिलाको संगतले गर्दा शान्ति प्रक्रियामा आएपछि भने नेतृत्वसँगै संसदीय खेलमा लागेर क्रान्तिबाट भाग्ने काम पनि भएका छन्। समग्रमा महिलाले जनयुद्धमा बहादुरी देखाएकै हुन्। कुनै बेला महिला संगठनका नेतृहुँदै दुईपटक देशका राष्ट्रपतिसम्म बन्न पुग्छन्। तर सत्तामा पुग्दा पनि आफ्ना पतिको हत्यारा समेत पत्ता लगाउन असमर्थ भएका छन्।

१३ वर्षे युवतीको बलत्कार गरी हत्याहुँदा उनका अपराधीहरूपत्ता लगाउन सक्दैनन्। दाइजोको निहुँमा बर्षैपिच्छे सयौं महिलाको हत्या हुन पुगिरहेका हुन्छन्। छाउपडी प्रथाले वर्षैपिछे सयौंको अकालमा मृत्यु भैरहेका छन्। बोक्सी प्रथाले सयौं महिलाहरू यातनाको सिकार भै रहेका छन्। बालविबाह रोकिएको छैन। प्रहरी महिला सेल, महिला तथा बालबालिका मन्त्रालय बनाए पनि यो निरीह बनिरहेको छ। यसलाई राज्य पक्षबाटै उत्पीडकको संरक्षण भै रहेको देखिन्छ। यस्तो परिस्थितिमा राष्ट्रपति, प्रधानमन्त्री लगायतले १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसमा शुभकामना सन्देश फलाक्दा अन्तर्राष्ट्रिय महिलासामु शरम पनि लाग्दो रहेनछ! आम जनताको यही बुझाइरहेको छ।

हामीकहाँ साहसिला नारीहरू प्रसस्तै छन्। उनीहरूको मनोबल गिर्न दिनुहुँदैन। महिला संगठनको नाउँमा कतिपय महिलाहरूले साम्राज्यवादको दलाली तथा नोकरी गरेर श्रमिक महिलाहरूलाई भ्रम दिइरहेका छन्। त्यस्ता महिलाहरूलाई आम श्रमिक महिलाले समयमा नै चिन्न सक्नुपर्दछ। नेपाली महिलाहरूले सर्बप्रथम वर्ग दुस्मन चिन्नु पर्दछ।

यो समाजलाई रूपान्तरण गर्ने श्रमिक महिला र श्रमिक पुरुष दुवै मिलि अग्रगामी दिशातर्फ लैजान सक्नु पर्दछ। महङ्गा कपडा, सुनका गहना, बडाघरका छानाको सपना देख्न छाडि श्रम, रोजीरोटी र आम मुक्तिको बाटो रोज्जु पर्दछ। गरिखाने वर्ग र गरेको खाने वर्ग बीचको दुरी नाप्न जान्नुपर्दछ। छिमेकीहरूको देखासिकीभन्दा आफ्नो वर्गमित्र खोज्नुपर्दछ।

श्रमको महत्व बुझेर अनिवार्य शारीरिक वा मानसिक श्रमलाई रोज्नुपर्दछ। सामाजिक र राजनीतिक कार्यमा अनिवार्य भाग लिनै पर्छ। तब मात्र महिला माथिको उत्पिडन र उत्पादनको साधनहरूको निजी स्वामित्व एवम् मानिसद्वारा मानिसको शोषण बीचको अन्तर सम्बन्धलाई प्रष्ट पार्दै लैजान सकिन्छ। महिलाहरूले यो कार्यक्रम एक दिन मात्र मनाएर पुग्दैन।

यस्ता महिला जागरण कार्यक्रमहरू टोल-टोल, गाउँ-गाउँमा सम्पूर्ण महिला श्रमिकहरूको इकाई समिति बनाएर लानसक्नु पर्छ। तब मात्र महिलाहरूको अधिकार प्राप्तिको लागि संगठनको तर्फबाट आन्दोलन उठाउन सकिन्छ।

तसर्थ नारीहरूले इतिहासको पानाबाट शिक्षा लिएर हामी पुरुष भन्दा कम छैनौ। हाम्रो जिन्दगी चुलोचौकोमा मात्र सिमित हुने छैन। जीवनको हरेक परिस्थितिको डटेर सामना गर्दै नेपालमा नयाँ जनवादी क्रान्ति पूरा गर्ने दायित्व हाम्रो काँधमा आइपरेको छ। यसको लागि

हाम्रा हातले यो "पितृसत्तात्मक व्यवस्थालाई उल्टाएर पुनः साम्यवादी व्यवस्था ल्याउन हर हमेसा तयार रहने छौं "भन्ने शब्द आजबाटै सम्पूर्ण महिलाहरूले प्रतिवद्धता गरौं। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस- जिन्दावाद!

# ‘मेची–महाकाली अभियानबाट क्रान्तिकारी आशावादको सञ्चार भएको छ’

## ❑ सीपी गजुरेल, अध्यक्ष– देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

*● करिब ५० जनाको अभियान टिम दिनरात सक्रियरूपमा सञ्चालन भइरहँदा संगठनमा गतिशीलता र क्रियाशिलता तीब्ररूपमा बढेको छ र क्रान्तिकारी आशावादको सञ्चार भएको छ ।*

*● जनता अब आन्दोलन, संघर्ष र क्रान्तिबाट थकित भइसके, अब जनता जाग्नै सक्दैनन् भन्ने अवसरवादी र प्रतिक्रियावादीको चाहना अब चाँडै नै ध्वस्त हुँदैछ । जनता अब फेरि अर्को जनआन्दोलन आवश्यक छ भन्ने सोचाईमा पुगेका छन् ।*

*● क्रान्तिबाट भागेका र प्रतिक्रियावादमा पतन भैसकेकाहरूले “अब नेपालमा राजनैतिक क्रान्तिको आवश्यकता छैन, अब आर्थिक विकास र समृद्धि” भन्ने जुन भ्रम फैलाएका थिए, अब त्यो निकै मात्रामा साफ हुँदै गएको छ । यो अभियानले जनतामा त्यो फगत प्रतिकृयावादीहरूको स्वार्थका लागि गरिएको बकबास मात्र हो भन्ने कुराको राम्रो सन्देश दिएको छ ।*

*● यो सम्झौताबाट सिके राउत पछि हटेको मात्र प्रमाणित भयो भने केपी शर्मा ओली मात्र होइन, डबल नेकपालाई नै धरासायी हुनबाट कसैले बचाउन सक्ने छैन ।*

*● सिके राउतको केसमा सर्बोच्च अदालतसँग सेटिङ भएको हो भन्ने कुरा 'खुला गोप्य' (open secret)नै भैसकेको छ । गोप्य साँठ गाँठ बिना यो घटना यति नाटकीय रूपमा हुन सक्ने संभावना नै देखिँदैन ।*



***देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा १५ दिने मेची–महाकाली अभियान सम्पन्न गर्नु भएको छ । समग्रमा कस्तो रह्यो यो अभियान ? उद्देश्य हासिल गर्न अभियान कत्तिको सफल रह्यो ?***

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यहि ०७५ फागुन ७ देखि २१ सम्म -मेची-महाकाली जनजागरण तथा जनपरिचालन अभियान’ संचालन गरेको थियो । फागुन ७ गते यसको उद्घाटन एकै साथ चार स्थानबाट भएको थियो- पूर्वको काकडभिटा, पश्चिमको गड्डाचौकी, राजधानी काठमाडौं र पोखराबाट । पूर्वको अभियान टिम अभियान संचालन गर्दै झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर हूँदै चितवन आइपुगेको थियो । यसैगरी पश्चिमको अभियान टोली पनि अभियान संचालन गर्दै कंचनपुर, कैलाली, बाँके, बर्दिया, दैलेख, दाङ., कपिलवस्तु, रूपन्देही, परासी, नवलपुर आदि जिल्ला हुँदै चितवन आइपुगको थियो । फागुन २१ गते चितवनको भरतपुरमा भव्य र शानदार जनसभा गरी यो अभियानका समापन गरिएको थियो । यसैगरी काठमाडौंमा उद्घाटन भैसकेपछि ३ नं प्रदेशका विभिन्न जिल्लामा अभियानको प्रचार प्रसार गरिएको थियो । यसैगरी पोखरामा उद्घाटन भएको कार्यक्रम पश्चात् ४ नं प्रदेशका जिल्लाहरूमा प्रचार प्रसार गरिएको थियो । यसप्रकार यो अभियानले एकपटक देशको ठुलो हिस्सालाई जगाउने र झक्झकाउने काम गरेको थियो । अभियानका दौरानमा यो सरकार बनिसकेपछि बढेको महँगी, कर बृद्धि, तस्करी, संस्थागत भ्रष्टाचार, बलात्कार र हत्या जस्ता जघन्य अपराध तथा राष्ट्रिय स्वाधिनता विरोधी जघन्य जनघाती र राष्ट्रघाती कामहरूको भण्डाफोरद्वारा जनतामा यो प्रतिकृयावादी सरकार, यो पश्चगामी संविधान र व्यवस्था कति घातक रहेछन् भन्ने विषयमा व्यापक जनचेतना बढाउने काम शानदार रूपमा सम्पन्न भयो ।

अभियानको अर्को र प्रमुख उद्देश्य थियो- यो लोकतान्त्रिक गणतन्त्रको प्रतिकृयावादी चरित्रको पर्दाफास गर्नु र यसको विकल्पमा संघीय जनगणतान्त्रिक व्यवस्थाबारे जानकारी गराउनु र त्यसको निमित्त संघर्षको तयारी गर्नु ।

अभियान यी सबै उद्देश्य हासिल गर्न मूलतः सफल भएको छ । करिब ५० जनाको अभियान टिम दिनरात सक्रियरूपमा सञ्चालन भइरहँदा संगठनमा गतिशीलता र क्रियाशिलता तीब्ररूपमा बढेको छ र क्रान्तिकारी आशावादको सञ्चार भएको छ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीवीका लगायतका समस्याहरूका सवालमा जनताको बुझाई के कस्तो पाउनु भयो ? र यी सवालहरूलाई लिएर एउटा सशक्त आन्दोलनको तयारी गरिरहेको राजनीतिक शक्ति भएको हैसियतले मोर्चाबाट जनताले के कस्तो आशा अपेक्षा गरेको पाउनु भयो ?***

यतिखेर नेपाली जनतामा माथि उल्लेख गरिएका समस्याको समाधान छ कि छैन ? यो सररकार, यो व्यवस्था र यो संविधानको विकल्प छ कि छैन ? भन्ने विषयमा ठूलो भ्रम र अन्योल थियो । त्यो भ्रम र अन्योल धेरै मात्रामा साफ भएको छ । जनता अब आन्दोलन, संघर्ष र क्रान्तिबाट थकित भइसके, अब जनता जाग्नै सक्दैनन् भन्ने अवसरवादी र प्रतिक्रियावादीको चाहना अब चाँडै नै ध्वस्त हुँदैछ । जनता अब फेरि अर्को जनआन्दोलन आवश्यक छ भन्ने सोचाईमा पुगेका छन् । अन्य वैकल्पिक शक्ति देखा नपरेको अहिलेको अवस्थामा नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चाबाट जनताले पर्याप्त अपेक्षा गरेका छन् । अब हामी देशको क्रान्तिकारी वैकल्पिक शक्तिका रूपमा स्थापित हुने सम्भावना प्रवल बनेको छ ।

***अभियानकै क्रममा जनयुद्ध तथा जनआन्दोलनका सहिद परिवारहरूसँग पनि सहिद सप्ताहको सन्दर्भ पारेर भेटघाट तथा अन्तर्क्रिया गर्नुभयो । के भन्छन् सहिद परिवारहरू ? उनीहरूको स्थिति कस्तो पाउनु भयो ?***

यो एउटा सुखद संयोग नै मान्नु पर्दछ कि ‘सहिद सप्ताह’ पनि ठिक यसै समयमा परेको थियो । यस दौरानमा सहिद परिवार, बेपत्ता परिवार, घाइते र अपाङ्ग योद्धाहरूसँग पनि भेटघाट गर्ने कार्यक्रम राखिएको थियो । चितवनको समापन कार्यक्रममा त दुबै कार्यक्रमलाई एकसाथ हामीले सञ्चालन गऱ्यौं । वहाँहरूका परिवारजनहरूलाई सहिदहरूको बलिदान र रगत खेर जाने हो कि भन्ने जुन चिन्ता थियो, त्यो धेरै हदसम्म आशा र आक्रोसमा बदलिँदै छ । वहाँहरूमध्ये कतिपय पार्टी प्रवेश पनि गर्नु भयो र क्रान्तिमा लामबद्ध हुने काममा संलग्न पनि हुनु भएको छ । यो अभियानको यो अर्को महत्वपूर्ण उपलब्धि हो ।

***हिजो सँगै युद्ध तथा आन्दोलन गरेका एकथरि नेताहरू राजनीतिक क्रान्ति सफल भयो अब आर्थिक क्रान्ति अर्थात् समृद्धिको पालो भन्दै होहल्ला मच्चाइरहेको बेला तपाईहरू क्रान्ति वा परिवर्तनको कुरा गरिरहनु भएको छ । यो कतिको चुनौतीपूर्ण र सम्भावनायुक्त छ ?***

क्रान्तिबाट भागेका र प्रतिक्रियावादमा पतन भैसकेकाहरूले “अब नेपालमा राजनैतिक क्रान्तिको आवश्यकता छैन, अब आर्थिक विकास र समृद्धि” भन्ने जुन भ्रम फैलाएका थिए, अब त्यो निकै मात्रामा साफ हुँदै गएको छ । यो अभियानले जनतामा त्यो फगत प्रतिकृयावादीहरूको स्वार्थका लागि गरिएको बकबास मात्र हो भन्ने कुराको राम्रो सन्देश दिएको छ । यि तत्वहरू सरकारमा वा सत्तामा भएका हुनाले जनआन्दोलनमा यिनीहरूले चुनौती त खडा गरिरहेका छन् र गर्ने पनि छन् । तर, जनता सचेत भएर संघर्षमा हाम फालिसकेपछि यिनीहरू धरासायी हुने छन् ।

मोर्चाले चैत्र २४ मा काठमाडौंमा संघर्षमय रूपमा आफ्नो पहिलो ऐतिहासिक राष्ट्रिय सम्मेलन गर्दैछ । मोर्चाको शक्ति प्रदर्शनको रूपमा समेत हेरिएको चैत्र २४ को समग्र तयारी कसरी अगाडि बढिरहेको छ ? बताइदिनुस् न ।

हो ऐतिहासिक जनआन्दोलन दिवसको अवसरमा बृहद् जनपरिचालन गर्ने र विशाल जनसभाकै बीचमा काठमाडौंमा देशभक्त जनगणतान्त्रिक मोर्चाको ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन गर्ने हाम्रो तयारी भव्यरूपमा चलिरहेको छ । त्यस दिन राजधानीलाई जनआन्दोलनमय बनाउने दिशामा हामी अघि बढिरहेका छौं ।

नेपालको राजनीतिमा असम्भव जस्तो देखिने घटनाक्रमहरू पनि पछिल्ला दिनमा घटिरहेका छन् । पृथकतावादी आन्दोलन चलाइरहेका सिके राउत र प्रम केपी-पिकेबीचमा भएको ११ बुँदे राजनीतिक सहमतिलाई मोर्चाले कसरी हेरेको छ ? यो सहमतिको पर्दा पछाडिको खेल के हुन सक्छ ?

-ओली सरकार र नेपालको विखण्डनलाई घोषित उद्देश्य बनाएर सक्रिय रहेका सि के राउत बीचको ११ बुँदे सम्झौता र ओलीद्वारा राउतको महिमा मण्डन देख्दा मलाई बाबुराम भट्टराईले दिल्ली गएर “बिप्पा सम्झौता” गरेको सम्झना भैरहेको छ । त्यतिखेर हामी एउटै पार्टीमा भए पनि उनलाई नेपाल फर्कँदा विमानस्थलमा कालोझण्डा देखाउने र उनको पुत्ला जलाउने काम गरेका थियौं । उनले यो सम्झौता गरेर “जुवा खेलेको” भन्ने स्वीकार गरेका थिए । मलाई लाग्छ के पी शर्मा ओलीले सिके राउतसँगको यो संझौता गरेर जुवा खेलेका छन् । आफू विगतमा नेपाललाई विखण्डन गराउने काममा लागेको विषयमा कुनै पश्चाताम वा आत्मालोचनासम्म पनि नगरिएको यो सम्झौताबाट सिके राउत पछि हटेको मात्र प्रमाणित भयो भने केपी शर्मा ओली मात्र होइन, डबल नेकपालाई नै धरासायी हुनबाट कसैले बचाउन सक्ने छैन । सिके राउतले भने जस्तै यदि त्यस प्रकारको जनमत संग्रहको कुनै सहमति मात्र पनि भएको रहेछ भने नेपाली जनताको तारो, के पी ओली, प्रचण्ड र डबल नेकपा हुने कुरामा दुई मत नहोला ।

***सांसदको रूपमा सपथ समेत खुवाइसकेका रेशम चौधरीलाई अदालतले जन्मकैदको फैसला गरेको छ । सिकेलाई सेटिङमै अदालतले रिहाई गरेको देखिएजस्तै चौधरीको विषयमा पनि त्यस्तै सेटिङले काम गरेको त होइन ?***

रेशम चौधरीको केसमा कति सेटिङ भएको थियो, त्यो प्रमाणित भइसकेको छैन, हेर्दै जानु पर्छ होला । तर सिके राउतको केसमा सर्बोच्च अदालतसँग सेटिङ भएको हो भन्ने कुरा ‘खुला गोप्य’ ९यउभल कभअचभत०नै भैसकेको छ । गोप्य साँठ गाँठ बिना यो घटना यति नाटकीय रूपमा हुन सक्ने संभावना नै देखिँदैन ।

***पछिल्लो चरणमा नेपालमा बढ्दो अमेरिकी उपस्थिति र अन्तर्राष्ट्रिय शक्तिकेन्द्रबीचको बढ्दो अन्तरविरोधलाई मोर्चाले कसरी केलाएको छ ? यसले नेपालको तथा एशियाको राजनीतिक सन्तुलन तथा भविष्यलाई के कस्तो असर पार्ने देख्नुहुन्छ ?***

यो सरकार जसरी विदेशी शक्तिहरू र देशभित्रका दलाल र नोकरशाही पुँजीपति वर्गको बैशाखी टेकेर उभिन खोजिरहेको छ, त्यसले गर्दा नेपाल महाशक्तिहरूको गोटी बन्ने वा नेपाल शक्ति केन्द्रहरूको क्रिडास्थल बन्न सक्ने खतरा पैदा भएको छ । ओली सरकारले वास्तवमा नेपालको लागि सुहाँउदो असंलग्न परराष्ट्र नीति अनुसार विदेश मामिलाको संचालन गर्न सकिरहेको छैन । जहाँसम्म दक्षिण एशियाको कुरा हो, नेपालले सार्कको अध्यक्षको हैसियतमा भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

***अन्तमा, आम श्रमजीवी शोषित–पीडित जनता, महान् सहिद तथा वेपत्ता योद्धा परिवार, आम क्रान्तिकारी पंक्तिलाई वर्तमान राजनीतिक परिस्थितिमा मोर्चाको अध्यक्षको हैसियतमा के आव्हान तथा अपील गर्न चाहनु हुन्छ ?***

सबै कोणबाट विचार गर्दा के देखिन्छ भने नेपालको विद्यमान प्रतिक्रियावादी सरकार र व्यवस्था तथा पश्चगामी संविधान परिवर्तन नगरी नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा, नेपालको समृद्धि र विकास, नेपाली जनतामाथिको उत्पीडनको अन्त्य संभव छैन । विगतमा भएका क्रान्ति र बलिदानका उपलब्धिको प्राप्ति र रक्षाको लागि पनि नेपालमा एउटा सशक्त जनआन्दोलनको आवश्यकता छ । तमाम क्रान्तिकारी जनतासँग यसका निमित्त तयार रहन अनुरोध र आह्वान गर्न चाहन्छु । त्यसको नेतृत्व गर्न हामी तयार रहेको कुरा पनि जानकारी गराउन चाहन्छु । धन्यवाद !

## देजमो ३ नं. प्रदेशको सम्मेलन चैत्र १–२ मा, यस्तो छ मोर्चाको अपिल

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, ३ नं. प्रदेशको सम्मेलन चैत्र १-२ मा हुने भएको छ । मोर्चाका ३ नं. प्रदेशका संयोजक पवनमान श्रेष्ठले सम्मेलनलाई लक्षित गरी जनसमुदायको नाममा एक अपिल समेत जारी गरेका छन् ।

‘राष्ट्रिय स्वाधिनताको रक्षा गरौं !, संघीय जनगणतन्त्र स्थापनाको लागि संघर्ष गरौं !!, यही चैत्र १ र २ गते हुने देजमो, नेपाल ३ नं. प्रदेश सम्मेलन सफल पारौं !!!’ भन्ने मूल नारालाई शीर्षक बनाई जारी गरिएको अपिलमा ‘ जनताले लुटतन्त्र चाहेका हैनन्, न त जनयुद्धको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्र नै हो । महान् जनयुद्ध नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी संघीय जनगणतन्त्र स्थापना गर्न भएको हो । यो लक्ष्य पुरा गर्न अझै बाँकि छ । देशभक्त जनगणतान्त्रिका मोर्चा, नेपाल यस उद्देश्यमा दृढ छ । यसले मात्र देशको राष्ट्रिय स्वाधीनता, आन्तरिक राष्ट्रियता तथा जनतन्त्र र जनताको जनजीविका समाधानको ग्यारेण्टी गर्नेछ । यसको लागि देजमो प्रतिक्रियावादी सत्ताका विरुद्ध शसक्त संघर्षको उठाउन कतिबद्ध छ । त्यसैले देजमो संगठन व्यवस्थित र सुदृढ गर्दै संघर्षको विस्तार गर्ने अभियानमा रहेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलन आगामी चैत्र २४ गते संघर्षको रूपमा काठमाडौंमा हुन गइरहेको छ ।’ उल्लेख गरिएको छ ।

अपिलमा अगाडि भनिएको छ, ँराष्ट्रिय सम्मेलन भव्य रूपमा सफल पार्न देशैभरी र ३ नं. प्रदेशका जिल्लाहरूमा देजमोको जिल्ला भेला तथा सम्मेलन सम्पन्न हुँदैछन् । यसै अभियान अन्तर्गत हामी देजमो, नेपाल ३ नं. प्रदेशको प्रथम प्रदेश सम्मेलन यही चैत्र १ र २ गते काठमाडौंमा सम्पन्न गर्न गइरहेका छौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलन र प्रदेश सम्मेलन सफल पार्न सहयोग गरिदिन हुन आम न्यायप्रेमी तथा उत्पीडित जनसमुदायमा हामी हार्दिक अनुरोध गर्दछौं ।’ *यस्तो छ अपिलको पूर्णपाठ :-*

***‘आदरणीय जनसमुदाय,***

*देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त, प्रगतिशील, जनतान्त्रिक, वामपंथी र कम्युनिष्टहरूको संयुक्त मोर्चा हो । नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी साम्राज्यवादी र विस्तारवादी हस्तक्षेपको पूर्ण उन्मुलन तथा देशभित्र विद्यमान दलाल तथा सामन्ती उत्पीडनको अन्त्य गरी संघीय जनगणतन्त्र स्थापना गरेर मात्र देश र जनताको मुक्ति संभव छ । त्यसैले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले आफ्नो प्रमुख लक्ष्यको रूपमा संघीय जनगणतन्त्रको स्थापना राखेको छ ।*

*तात्कालिन नेकपा (माओवादी)ले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने मुख्य लक्ष्य सहित ०५२ फागुण १ गते दिर्घकालीन जनयुद्धको थालनी गरेको थियो । जनयुद्धका प्रमुख नेतृत्वबाट राष्ट्रिय र वर्गीय आत्मसमर्पणसहित देश, जनता र पार्टीमाथि गंभीर रूपमा विश्वासघात तथा गद्दारी गर्ने काम भयो । तिनले प्रतिक्रियावादी र संसदवादीसंग मिलेर कथित दोस्रो संविधान सभा मार्फत विश्वमै असफल भइसकेको उही पुरानो संसदीय संविधान-०७२ षड्यन्त्रमुलक ढंगले जारी गर्ने काम भयो । देखावटी रूपमा गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समानुपातिकताको कुरा रहेतापनि संघीय लोकतान्त्रिक गणतन्त्र विहारी गणतन्त्र हो । यसले देशको राष्ट्रिय स्वाधीनताको रक्षा र उत्पीडित जनसमुदायको हकहितको रक्षा गर्न नसक्ने मात्र होइन, बरु देशको राष्ट्रियतामाथि गंभीर संकट पैदा गर्ने, जनताको जनतन्त्रमाथि कुठाराघात गर्ने र जनताको जनजीविकामाथि गंभीर संकट पैदा गर्दछ ।*

*आदरणीय जनसमुदाय,*

*आजको दुई तिहाइको कथित कम्युनिष्ट सरकारको एक वर्षको गतिविधि र परिणामले संघीय लोकतान्त्रिक गणतन्त्रको असली चरित्र नेपाली जनताको जीवन व्यवहार मै पुष्टि भएको छ । डबल नेकपा र सरकारको समृद्ध नेपाल र सुखी नेपालीको नारा जनतालाई उल्लु बनाएर भोट आफ्नो पोल्टामा पार्ने षडयन्त्र मात्र रहेछ भन्ने कुरा छर्लङ्ग भएको छ । यस बीचमा सरकारले पानी जहाज र रेलको कुराको डङ्का खुबसंग पिट्ने काम भयो । तर आम नेपालीको ढाड सेक्ने गरी करको बृढि, आकाशिदो महंगी, भ्रष्टाचार र कमिशनतन्त्रले देशको अर्थतन्त्र चौपट पारेको स्थिति छ ।*

*वाइड वडी हवाइ जहाज, नेपाल दूर संचारको ४ जी आदिमा भएको अरबौंको भ्रष्टाचार लगायत सबै क्षेत्रमा व्यापक रूपमा भइरहेका भ्रष्टाचारले के देखाउँछ ? निर्मला पन्तको बलात्कारपछि हत्या भएको ७ महिनापछि पनि हत्याराको अत्तोपत्तो नहुनु र दैनिक रूपमा किशोरीहरूको बलात्कार र हत्याका घटना हुनुले के देखाउँछ ? ३३ किलो सुन तस्करीको कुरा त्यतिकै सेलाउनुले के संकेत दिन्छ ? सिन्डिकेट समाप्त पार्ने कुरा बीचैमा तुहिनुले के भन्छ ? वेरोजगार युवाहरूलाई रोजगार र संबृद्ध नेपालको कुरा गर्ने सरकार युवाहरूलाई विदेशमा पठाउन मरिहत्ते गर्नुले के जनाउँछ ? स्वास्थ्य र शिक्षा हुनेखानेहरूको पहुँचमा मात्र रहनुले के संकेत गर्दछ ? जनताका कथित प्रतिनिधीहरूले आफूखुसी आफ्नो सुविधा बढाउनुले देखाउँछ ?*

*भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणको वेला प्रम वलीले मोदीसंग गरेको दलालीले के को संकेत हो ? नेपालका ठुल्ठुला तथा सस्तो जलविद्युत् भारतको पोल्टामा सुम्पिनुले के संकेत गर्दछ ? भारतले प्रकाशित गरेको नेपालको नक्शा देशको सबै ठाउँमा प्रयोगमा ल्याउनु तर त्यसमा लिम्पीयाधुरा, कालापानी, लिपुलेक लगायत नेपालको भूभाग ३७२ वर्ग कि.मी. नरहेको अवस्थामा पनि सरकार चुँसम्म नबोल्नुले के जनाउँछ ? स्थानीय विकास तथा राज्य पुनर्संरचना मन्त्रालयबाट प्रकाशित स्थानीय निकायको क्षेत्रफलसहित नक्शामा नेपालको कुलक्षेत्रफलमा १०१९ वर्ग कि.मी. अपुग भएकोमा सरकारबाट अहिलेसम्म कुनै प्रतिक्रिया नआउनुको अर्थ के होला ?*

*नेपालमा सदियौंदेखि उत्पीडित आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लीम र उत्पीडित क्षेत्रका जनताहरूहरूको हक अधिकारमा खासै अन्तर आएको छैन । लोकतान्त्रिक गणतन्त्रले ल्याएका केही सुधार पनि उहि सरकारी पार्टीका टाठाबाठाहरूले आफ्नो मुठीमा पारेको अवस्था छ । तर आदिवासी जनजाति लगायत उत्पीडितहरूका अधिकार विगतको जस्तै अवस्थामा रहेको छ । उनीहरूको भापा, कला, संस्कृति, आदिथलोमाथिको अतिक्रमण गंभीर बन्दै गएको छ । साँस्कृतिक सम्पदामाथि व्यक्तिबाट आज बेरोकतोक कब्जा हुँदै गर्दा राज्य मौन बस्ने मात्र होइन, राज्य आफै जग्गा दलालहरूको मिलोमितोमा आउटर रिङरोड, स्मार्टसिटी, फास्टट्र्याक आदि आयोजना मार्फत काठमाडौं उपत्यका ऐतिहासिक मौलिकता ध्वस्त बनाउँदैछ । यो के को संकेत हो ?*

*यी यस्ता प्रश्न हुन्, जसको जवाफ संघीय लोकतान्त्रिक गणतन्त्र वा संसदीय व्यवस्थामा हुँदैन । यसलाई लुटतन्त्रीय व्यवस्था पनि भन्न सकिन्छ ।*

*जनताले लुटतन्त्र चाहेका हैनन्, न त जनयुद्धको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्र नै हो । महान् जनयुद्ध नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी संघीय जनगणतन्त्र स्थापना गर्न भएको हो । यो लक्ष्य पुरा गर्न अझै बाँकि छ । देशभक्त जनगणतान्त्रिका मोर्चा, नेपाल यस उद्देश्यमा दृढ छ । यसले मात्र देशको राष्ट्रिय स्वाधीनता, आन्तरिक राष्ट्रियता तथा जनतन्त्र र जनताको जनजीविका समाधानको ग्यारेण्टी गर्नेछ । यसको लागि देजमो प्रतिक्रियावादी सत्ताका विरुद्ध शसक्त संघर्षको उठाउन कतिबद्ध छ । त्यसैले देजमो संगठन व्यवस्थित र सुदृढ गर्दै संघर्षको विस्तार गर्ने अभियानमा रहेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलन आगामी चैत्र २४ गते संघर्षको रूपमा काठमाडौंमा हुन गइरहेको छ । राष्ट्रिय सम्मेलन भव्य रूपमा सफल पार्न देशैभरी र ३ नं. प्रदेशका जिल्लाहरूमा देजमोको जिल्ला भेला तथा सम्मेलन सम्पन्न हुँदैछन् । यसै अभियान अन्तर्गत हामी देजमो, नेपाल ३ नं. प्रदेशको प्रथम प्रदेश सम्मेलन यही चैत्र १ र २ गते काठमाडौंमा सम्पन्न गर्न गइरहेका छौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलन र प्रदेश सम्मेलन सफल पार्न सहयोग गरिदिन हुन आम न्यायप्रेमी तथा उत्पीडित जनसमुदायमा हामी हार्दिक अनुरोध गर्दछौं ।’*

# नेपालमा नयाँ जनवादी क्रान्ति : कृषिक्रान्ति



गंगादेवी राई (raigd9863@gmail.com)

१) **बिषय प्रवेश**

प्रधान मन्त्री के.पी.शर्मा ओलीको सरकारले 'समृद्ध नेपाल,सुखी नेपाली'को नारा दिएर शासन गरेको झण्डै एक बर्ष पुगेकोछ । तर भ्रष्टाचार, बेरोजगारी र महंगी यति बढेको छ कि नेपाली जनताले 'दरिद्री नेपाल, दरिद्र नेपाली' भन्न थालेकाछन् । आज हिमाल, पहाड र तराईका गाउँ/देहातका युवा पुस्ता बाबु आमाले समातेका हलो, कुटो, कोदालो समात्न छोडेर इण्डिया, मलेशिया, खाडी मुलुक, कोरिया, आदि देशहरूमा अदक्ष (गलकपर्षा्भिम) को रूपमा श्रम बेचिरहेका छन् । सरकारी आँकडा बताउँछ कि यस्तो श्रमिकको संख्या (भारतमा बाहेक) तीस लाखको हाराहारीमा छ । यिनीहरूले पठाएको विप्रेशण ९च्भ्क्षत्बलअभ) नेपालको एक चौथाई भन्दा बढी (२९ प्रतिशत) रहेको छ । राज्यको लागि नेपालको गरिबीको रेखामूनिको संख्या घटाउने यही मुख्य साधन भएको छ । सरकारको रोजगारीको कुनै भरपर्दा कार्यक्रम छैन ! नेपालमा किसानको हक, हित, अधिकारको कुरो र कृषि विकाशको कुरो उठेको वि.स.२००७ साल (सन् १९५१) को राजनीतिक परिवर्तन पछिदेखि नै हो । वि. स.२००७-२०१४ सम्म तराई र काठमाण्डौमा सामन्ती जमिनदारीका विरुद्ध ठूला-ठूला किसान आन्दोलन भए । आन्दोलनको दवावको कारण वि.स.२०१५को निर्वाचनपछि नेपाली कांग्रेसको सरकारले विर्ता र राज्य रजौटालाई करको दायराभित्र ल्याउने कार्यक्रम ल्याएको थियो । तर नेपालमा वि.पि.कोईरालाले नेतृत्व गरेको पार्टीको कार्यक्रम राजालाई पचेको थिएन । राजाले ने.का.को सरकार र संसदलाई २०१७ सालमा अपदस्त गरे । कांग्रेसलाई निचा देखाउन राजाले वि.स.२०२१ (सम्वत१९६४) मा भूमि सुधार कार्यक्रम लागु गरे । तर त्यो कार्यक्रम मोही सुधारको सामान्य कार्यक्रम भन्दा बढी थिएन । ने.का. र वामपंथी पार्टीका दस्तावेजमा त्यस बेलादेखि क्रान्तिकारी भूमि सुधार वा वैज्ञानिक भूमि सुधारका कुरा कुनै न कुनै रूपमा रहदैं आएको थियो । पञ्चायत ढलेपछि एउटा र राजतन्त्र ढले पछि दुई वटा भूमि सुधार आयोग वनिए, तर ती पनि कार्यान्वयन हुन सकेनन् । राज्यले वि. सं.२०१३ देखि यता धेरै वटा आवधिक योजनाहरू ल्याए तर तिनले पनि भूमि र कृषिमा सुधारको सट्टा विग्रनेतर्फ नै बढि काम गऱ्यो । फलतः किसानका युवा छोरा छोरीले परम्परागत खेतीपाती छोडेर दासदासीको रूपमा विदेशिनु परेको छ र त्यो क्रम जारी छ । नेपालमा राजगारीको अवसर उपलब्ध गराउनु भन्दा विदेशमा युवाशक्ति पठाउन सकेकोमा गर्व गर्दैछ, यो सरकार ! यी सबले गर्दा नेपालमा राज्यले गरेको कृषि र भूमि सुधारका कार्यक्रम असफल सिद्ध भएको छ । तसर्थ कृषिमा क्रान्ति गरी मुलुकलाई आत्मार्निभरताको दिशामा लैजानुको विकल्प नरहेको हो । यो सरकार विकास प्रेमी होइन, पश्चगामि हो, बाहुनवादको र वर्णश्रम धर्मको फेर पक्रेर कुदेकोछ ।

२) **परम्परागत खेतीले युवाको पेट भरिएन**

गाउँ/ देहातमा काम गर्ने मानिस छैनन्, त्यसैले जमिन बाँजो बसेको छ । युवाहरू कामको खोजीमा विदेशिएका छन् । नेपालमा बर्षेनी करीब ४ लाखको हिसाबले बजारमा आउने श्रमशक्तिको लागि नत औधोगिक वातावरण छ न त कृषिमा नै नयाँ तरक्की । मुलुक अझै पश्चगामी राजनीतिक द्धन्द्धमा फसेको छ । अग्रगामी भन्दा यथास्थितिवादी शक्ति बलियो भएको छ, । पश्चगामी संविधान निर्माण गरिए पछि दलाल-नोकरशाही पुँजी र सामन्ती तत्वको राज्य शक्तिमा हालीमुहाली बढेकोछ ।

सामन्ती व्यवस्थाको तुलनामा पुँजीवादले मुलुकको प्राकृतिक साधन, स्रोतको परिचालन उद्योग-व्यापार र गर्ने देखि सेवा क्षेत्रको पनि विकास गराउँने र रोजगारीको व्यापक क्षेत्र सिर्जना हुन्छ । तर यहाँ दलाल-नोकरशाहहरूले राष्ट्रिय पुँजीवादको विकास हुन दिएन । सहरमा भएको उद्योगधन्दा पनि बेचेर खाएका छन् भने गाउँमा अनुपस्थित जमिनदारको जमिन छ, मोहियानी लाग्ने डरले ती जमिन बाँजो राखिएको छ । साना किसानको आफ्नै जमिन भए पनि त्यसबाट परिवार पालिदैन,बैकल्पिक रोजगारी पनि देशमा उपलब्ध छैन । तसर्थः गाउँ /देहातका युवाहरू विदेशिन वाध्य भएका छन् ।

३) **किन जनवादी कार्यक्रमको आवश्यकता** ?

नेपालको राज्यको तथ्यांकले बँताउछ की आवधिक योजना सुरु हुँदाको बखतमा नेपाल दक्षिण एसियामा नै सबै भन्दा उच्च कृषि उत्पादकत्व भएको मुलुक थियो र खाद्यान्न निकासी गर्दथ्यो । वि.स. २०४०-२०५० को वीचमा यो खाद्यान्न आयात गर्ने मुलुकमा परिणत भयो । हाल नेपालले बार्षिक १ लाख ५० हजार मेट्रिक टन अन्न बाहिरी देशबाट आयात गर्दछ । निरंकुश राजा र संसदीय राजा र लोकतन्त्री गणतन्त्रका हिमायती सरकारहरूबाट गरिएको झण्डै ७० बर्षको कृषि तथा भूमि सुधारको नाममा भएको गलत कार्यको नतिजा हो जो अहिले नेपाली जनताले भोगिरहेका छन् ।

**नेपालमा कृषि उत्पादनमा ह्रास हुने मुख्य कारणहरू** :

१) कृषिमा क्रान्तिकारी परिवर्तन गर्ने शक्तिहरूको कमजोर स्थिति

२) सुधारको नीति पनि राष्टिय हितमा नहुनु

३) भ्रष्टचार र दलाली चरम सीमामा पुग्नु

नेपालमा राजतन्त्र ढले पनि सामन्तवादी संरचना ढलिसकेको छैन, त्यसलाई बचाउनु पर्छ भन्ने यथास्थितिवादी राजनीतिले अहिले पनि सत्तामा हावि भएकोछ । राजा फर्काउने र हिन्दु राष्ट्र जगाउनेहरूले विदेशी प्रतिकृयावादी शक्तिको धन र बलमा उफ्रिन पाएका छन् । त्यसै भएकोले नेपालको सामाजिक, सास्कृतिक सामन्तवाद कृषिमा पनि जवरजस्त छ । तसर्थः गाँउ/देहातका सामाजिक संरचनामा परिवर्तनको निम्ति सामन्तवादको सामाजिक आर्थिक, सास्कृतिक आधारमाथि जवरजस्त आक्रमण जरुरी पर्दछ । सामन्तवादका यी आधारहरू मूलतः भूमि व्यवस्थामा भर पर्दछन् । कृषि उत्पादनका उक्त सम्बन्धका लक्षणहरूलाई ध्यानमा राखेर 'अर्ध-सामन्ती' अवस्था चित्रण गरिएको हो । तर अहिले सरकार 'नेकपाले नेपालको सामाजिक चरित्र पुँजीवादी' भइसकेको बताएकोछ । तर नेपाल जीवन स्तर सर्भेक्षण (२०११) अनुसार करीब ७६ प्रतिशत परीवार (कृषि परिवार) भएको देखिन्छ । र त्यसमध्य ९० प्रतिशतले आफै उत्पादन उपभोग गर्दछन् , केवल १० प्रतिशतले मात्र बजारमा आफ्नो उत्पादन बेच्छन् । उक्त १० प्रतिशतमध्य पनि केही अर्ध-ब्यबसायी र केही ठूलो मात्राको ब्यबसायी खेतीतर्फ लागेका छन । सामन्तबादको पछिलो कालमा, जब उत्पादन पुँजीवादी बजारसंग जोडिन थाल्दछ, मध्यम र निम्न मध्यम किसानहरू आफ्नो उत्पादनको एक भाग बजारमा बेच्दछन र आफ्नो गर्जो टार्दछन तर त्यसवाट पुनर्उत्पादन कार्यहुदैन । त्यसलाई केही लेखकहरूले पुँजीवादको विकास भएको देख्ने गरेका छन । तर बजारसंग जोडिए पनि ' अतिरिक्त मूल्य जोड्न नसक्ने 'अर्ध ब्यवसायी' चरित्र 'निम्न पुँजीवादी' (Petty Bourgeois) चरित्र हो, पुँजीवादी होइन । नेपाल मुख्य रूपले एउटा निम्न पुँजीवादी (किसान, दस्तकार, पसल, कमजोर राष्ट्रिय पुँजीपति,'आदी) मुलुक हो । नेपाल सरकारले सरकारी बजेट कार्यक्रम मार्फत कृषिमा पुँजीवादी (कर्पोरेट) खेतीको शुरुवात गरेका छन् (यद्यपी नेपालमा पहिलेदेखि नै केही पुँजीवादी प्रकारको आयोजना सञ्चालन हुदै आएको थियो) । यसले दलाल पुँजीवादकालागि आधार निर्माणतर्फ पाइला चालेको छ । अर्कोसे नेपालको विकास हुनु नसक्नुमा बाह्य शक्तिको दवाव । विश्व साम्राज्यवादको साथै भारतीय एकाधिकार पुँजीवादको दवाव पनि नेपाले व्योहोर्न परेको छ । तसर्थ नेपाल 'अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक' अवस्थामा रहेकोले यहाँको क्रान्तिको मूलभूत स्वरूप 'सामन्तवाद तथा साम्राज्यवाद विरोधी पुँजीवादी-जनवादी' हो भन्ने ठहर हुन्छ । यसबाट स्पष्ट हुन्छ कि पुँजीवादी क्रन्तिको दिशामा जाने कृषिक्रान्तिको पनि कार्यक्रम हामीलाई चाहियो । अर्ध-सामन्ती कृषि प्रणालीको अवस्थाबाट पुँजीवादी प्रणलीमा जानका लागि निम्न कार्य गरिनु पर्छ ।

१) कृषिमा आमुल रूपान्तरणको प्रकृयामा बाधक सामन्तवादका अवशेषका अन्त्य र दलाल-नोकरशाही पुँजीवादी भूस्वामित्व र उत्पादन सम्बन्धलाई निस्तेज गर्ने ।

२) वास्तविक जोताहा किसानको जमिन माथिको हक स्थापित गर्ने ।

३) किसान संगठनलाई बलियो वनाउने ।

४) राज्यले कृषिमा व्यावसायीकरण, विविधीकरण,विशिष्टीकरण एवं व्यापारीकरण गर्ने योजनाबद्ध कार्यक्रम लागु गर्ने ।

५) मुलुकमा उधोग, व्यापार र सेवाका क्षेत्रको विकास गरी रोजगारीको क्षेत्र विस्तार गर्ने ।

६) राजनीतिक भ्रष्टचार र विदेशी शक्तिको दलाली प्रवृतिलाई निष्तेज गर्ने ।

राजनीतिक इच्छा शक्ति भएको राज्य संचालकहरूको उपस्थितिको अवस्थामा पुँजीवादतिर संक्रमित हुने उद्धेश्यले संसारका विभिन्न मुलुकहरूमा व्यापक अर्थमा सुधारात्मक (आमुल पर्रिवतनको अर्थमा भने होईन) चरित्रका भूमि व्यवस्थामा परिवर्तनका कार्यक्रमहरू भएका छन् । तर नेपालको राजनीतिक क्षेत्रमा आमुल परिवर्तनकारी शक्तिहरूको साक्षेप रूपमा निम्छरो स्थिति र यथास्थितिका पक्षपोषक शक्तिको पक्ष बलियो रहेको अवस्थामा यहाँको भूमि व्यवस्थाको चरित्रमा परिवर्तनको कुनै गुन्जाईस देखिन्न । तसर्थ : नयाँ कृषिक्रान्ति आवश्यक भएको हो भन्ने कुरामा हामी प्रष्ट हुनु पर्दछ ।

४) **कस्को नेतृत्वः**

सन् २००६ को ऐतिहासिक जनआन्दोलन पछि ने.का, एमाले र एमाओवादी जस्ता ठूला पार्टीहरूले वैज्ञानिक भूमि सुधार गर्ने, सामन्ती भूस्वामित्व अन्त्य गर्ने, जमिन जोत्नेलाई दिने, आदि जस्ता प्रतिवद्दता जनाउदै आएका थिए । तर सामन्ती सोचको (स्थास्थितिवादी) राजनीति लिएका यिनीहरूबाट हुने प्रतिवद्धताले अतन्तः यथास्थितिवादकै (दलाल पुँजी) हित गऱ्यो । यिनले बनाएको नयाँ संविधानले अन्तत्वगत्वः कृषि तथा भूमिमा साम्रान्यवादी र सामन्तवादी शक्तिकै पक्षपोषण गरेकोछ । अहिलेको नेकपा र ने.का.बाट नेपालको समृदि र नेपालीको सुखी हुने दिन आउने छैन । त्यसैल यहाँ क्रान्तिकारी शक्तिहरूको नयाँ नेतृत्वको आवश्यकता छ र नयाँ राजनीतिक शक्ति निमार्णको आवश्यकता छ जो गरिव, किसान र श्रमजीवी जनतामैत्रि होओस् र राष्ट्रिय पुँजीवादी संरचनाको विकास र सदृढिकरणबाट सामन्तवाद र अर्ध/तथा औपनिवेशवादको आर्थिक मेरुदण्डमाथि आघात पुऱ्याई विकल्प वन्न सकोस् ।

# मेची–महाकाली अभियानको नवलपुर च्याप्टर

कावासोती । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा सञ्चालित मेची-महाकाली अभियानले नवलपुरको चार स्थानमा कोणसभा र कोवासोतीमा जनसभा सम्पन्न गरेको छ । अभियान टोलीले सोमबार विहान दुम्किबास, अरुणखोला, चोरमारा र डण्डामा कोणसभा र कावासोतीमा जनसभा सम्पन्न गरेको हो ।

प्राप्त जानकारी अनुसार दुम्कीबासमा क्रान्तिकारी माओवादीका केस अशोक लम्साल, अरुण खोलामा पार्टी केस हिरामणि दुःखी, चोरमारामा केस अशोक लम्साल, डण्डामा केस पिताम्बर आचार्यले सम्बाधेन गरेका थिए ।

कावासोतीको जनसभालाई भने मोर्चाका केन्द्रीय सचिव परि थापा, मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेशका संयोजक केशबहादुर परियार, पार्टी केसहरू धनेश्वर पोखरेल, अशोक लम्साल, निलबहादुर पुनलगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

सम्बोद्धनका क्रममा नेताहरूले देश भ्रष्टाचारको दलदलमा फसेको तर यो सरकार उल्टै भ्रष्टाचारी, दलाली, घुसखोरी, बलात्कारीलाई संरक्षण गर्न लागिपरेको आरोप लगाएका थिए ।

पश्चिम कञ्चनपुरको गड्डाचौकीमा उद्घाटन भई ७, ५ र ६ नं. प्रदेशका विभिन्न जिल्लाहरूमा कोणसभा, जनसभा, पत्रकार भेटघाट तथा सम्मेलन, सीमा निरीक्षण लगायतका कार्यक्रम सम्पन्न गर्दै मोर्चाका सचिव परि थापाले नेतृत्व गरेको अभियान टोली र पोखरामा उद्घाटन भई ४ नं. प्रदेशका विभिन्न जिल्लाहरूमा कोणसभा तथा जनसभा सम्पन्न गरी मोर्चाका सचिवालय सदस्य केशबहादुर परियार नेतृत्वको अभियान टोली नवलपुरको दुम्कीबासमा भेट भई संयुक्त कार्यक्रम गर्दै चितवनतर्फ अगाडि बढेका थिए । चितवनको चौविसकोठीमा समापन गरिने कार्यक्रममा यी दुवै टोली सहभागी भएका थिए ।

# काठमाडौंमा सम्पन्न भयो नागरिक सुनुवाई कार्यक्रम

काठमाडौं । नागरिक सुनुवाई कार्यक्रम आइतवार काठमाडौंको असनमा सम्पन्न भएको छ । जनताका माग तथा आवाजहरूको सुनुवाई नभएपछि सुनुवाइका लागि उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल महानगर समितिको आयोजनामा गरिएको उक्त कार्यक्रममा स्थानीय जनताको सक्रिय सहभागिता रहेको थियो । स्थानीय जनताले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरू उठाएका थिए । उठाइएका यी प्रश्नहरूको जवाफ उपस्थित अतिथिहरूले दिएका थिए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा काठमाडौं पार्टी सेक्रेटरी क. शारदा महत, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल काठमाडौं जिल्लाका जिल्ला अध्यक्ष क. खगेन्द्र छन्त्याल, काठमाडौं महानगर पालिकाका उपमेयर हरिप्रभा खड्की, काठमाडौं महानगरपालिका वडा नम्बर २५ का अध्यक्ष नीलकाजी शाक्यको आतिथ्यता रहेको थियो ।

कमरेड कर्ण बीसीद्वारा सञ्चालित उक्त कार्यक्रमको अध्यक्षता देजमो महानगर समिति संयोजक ईश्वरदास सायमीले गरेका थिए । कार्यक्रममा पार्टीको अवधारणा कमरेड शारदा महतद्वारा राखिएको थियो ।

# प्रहरी हिरासतमा रहेका क्रान्तिकारी युवाहरू रिहा

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिगका जिल्ला नेताहरूलाई प्रहरी हिरासतबाट रिहा गरिएको छ । रिहा हुनेहरूमा लिगका सुर्खेत उपाध्यक्ष मिलन शाही र सदस्य शिव कँडेल रहेका छन् । उनीहरू रिहाई भएपछि क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले उनीहरूको भव्य स्वागत गरेको थियो ।

क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मेची-महाकाली अभियानको क्रममा १३ गते सुर्खेतमा आयोजित जनसभा सकेर साँझ फर्कने क्रममा वाङ्गेसिमनबाट उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो । उनीहरूलाई जिल्ला प्रशासन कार्यालयको सामान्य तारिखमा छाडिएको बताइएको छ ।

क्रान्तिकारी माओवादीको ६ नम्बर प्रदेशका निमित्त सेक्रेटरी कृष्ण गुरुङले उनीहरूलाई बिना कारण राज्यले गिरफ्तार गरेको र पार्टीले चौतर्फी रूपमा दबाब दिएपछि छरौटीमा छाडिएको बताए । क्रान्तिकारी पत्रकार महासंघको पहलमा हिरासतमुक्त युवाहरूको सम्मान तथा पत्रकार भेटघाट कार्यक्रम समेत आयोजना गरिएको थियो । उक्त कार्यक्रममा रिहा भएका कार्यकर्ताहरूलाई पार्टीका नेताहरूले टीका र खादाले सम्मान गर्दै राज्यको निरंकुशता विरुद्ध आउँदा दिनहरूमा थप उर्जावान भएर प्रतिरोध गर्न निर्देशन दिने समेत दिएका थिए ।

# देजमो भक्तपुरको भेला सम्पन्न, गणेश पौडेल अध्यक्षमा निर्वाचित

भक्तपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल भक्तपुरको भेला सम्पन्न भएको छ । मोर्चाका केन्द्रीय सचिवालय सदस्य पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले गणेश पौडेललाई मोर्चाको जिल्ला अध्यक्षमा निर्वाचित गरेको छ । भेलाले मोर्चाको सचिवमा रामहरि गनेजु र सदस्यहरूमा रामकुमार दोङ तामाङ, छत्रबहादुर आले, पदम लामा, अप्सरा मगर, अञ्जना शाही, मिनप्रसाद गिरी, इश्वर केसी, राम कोजु, राजु लोहला, कृष्णप्रसाद घेमोसु, विमल गिरी चुनिएका छन् ।

भेलामा पार्टीका जिल्ला इन्चार्ज भरत बुर्जामगर, सचिव श्रीकृष्ण सुलुको विशेष आतिथ्यता रहेको थियो । प्रमुख अतिथि श्रेष्ठले भेलालाई सम्बोधन गर्दै वर्तमान अवस्थामा नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीवीकाको लागि र महंगी, भ्रष्टाचार रोक्न संघर्षको उठान गर्न आगामी चैत्र २४ गते जनआन्दोलन दिवसको सन्दर्भ पारेर मोर्चाको राष्ट्रिय सम्मेलन गर्न लागेको बताए । नेता श्रेष्ठ लगायत विशेष अतिथिहरूले नवनिर्वाचित कमिटिलाई बधाई तथा शुभकामना दिएका थिए ।

# देजमो रामेछापको भेला सम्पन्न, अध्यक्षमा स्वरूपसिंह मोक्तान निर्वाचित

रामेछाप । देशभत्त जनगणतान्त्रिक मोर्चा नेपाल रामेछापको प्रथम भेला रामेछाप समन्वय समितिको सभाहलमा सम्पन्न भएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम तथा ३ नं. प्रदेशका सचिव दिनेश शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलाले स्वरूपसिङ मोक्तानलाई जिल्ला अध्यक्षमा निर्वाचित गरेको छ । भेलाले उपाध्यक्षमा जुवानसिह तामाङ, सचिवमा जितमान घताने, कोषाध्यक्ष गोपिमाया तामाङसहित २५ जनाको जिल्ला कमिटि निर्वाचित गरेको छ ।

त्यसैगरी, क्रान्तिकारी युवाहरूको एक भेलाले क्रान्तिकारी युवा लिग रामेछापको संयोजकमा मिलन तामाङलाई निर्वाचित गरेको छ । भेलाले तामाङको नेतृत्वमा ३० सदस्यीय जिल्ला सम्मेलन आयोजक कमिटि निर्माण गरेको छ ।

भेलामा पार्टी केस तथा जिल्ला इन्चार्ज गगन, सचिव लाङ्घाली लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी युवा लिग ललितपुरको भेला सम्पन्न

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिग ललितपुरको भेला सम्पन्न भएको छ । क्रान्तिकारी माओवादीको कुपोन्डोल स्थित पार्टी कार्यालयमा सम्पन्न भेलाबाट रोमन महर्जनको अध्यक्षतामा १८ सदस्यीय जिल्ला कमिटी निर्वाचित भएको छ ।

भेलाले १३ पूर्ण र ५ वैकल्पिक गरी १८ सदस्यीय कमिटी निर्वाचित गरेको हो । निर्वाचित सदस्यहरूमा निरन तुलाधर, प्रेम श्रेष्ठ, आशिष शाही, सुरेन्द्र महर्जन, सानुरत्न शाक्य, साजन माली, सुनिल महर्जन, अनिल लामालगायत रहेका छन् । वैकल्पिक सदस्यहरूमा सुशान्त कपाली, सपृम राजबाहक, बाबुकृष्ण महर्जन, सुनिल नापित, बिजय बस्नेतलगायत रहेका छन् ।

कार्यक्रममा युवा लिगका केन्द्रीय अध्यक्ष अमिर महर्जन, युवा संगठनको प्रदेश तीनका पार्टी फ्याक्सन इन्चार्ज वसन्त बोगटी, ललितपुर जिल्ला पार्टी सेक्रेटरी श्याम कार्की लगायतका नेताहरूको आतिथ्यता रहेको थियो ।

निर्वाचित कमिटीलाई बधाई दिर्दै नेताहरूले मुलुकमा जनवादी क्रान्ति नभएसम्म समाजमा देखिएका विकृति, विसंगती र तमाम समस्याहरूको समाधान सम्भव नहुने भन्दै त्यो प्रकृयामा क्रान्तिकारी युवाहरू शारीरिक र राजनैतिक, वैचारिक रूपमा तयार हुनुपर्ने बताएका थिए ।

# अनेमसंघ(क्रान्तिकारी) को इकाई कमिटि गठन

भक्तपुर । नेकपा (क्रान्तिकारी माओवादी)को भातृ संगठन अनेमसंघ (क्रान्तिकारी) को इकाई कमिटि गठन भएको छ । फागुन २० गते अखिल महिला संघ (क्रान्तिकारी) भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका अन्तरगत चुनदेवि स्थित सिन्धुली कार्पेटमा काम गर्ने महिलाहरूको भेलाले सविना तामाङको नेतृत्वमा १३ सदस्यीय इकाई कमिटि गठन गरेको हो । उक्त भेलाले अध्यक्ष- सविना तामाङ, उपाध्यक्ष- उर्मिला तामाङ, सचिव - बबि तामाङ र सदस्यहरूमा सुमिता तामाङ, फूला तामाङ, मैना तामाङ, अञ्जली तामाङ, लक्ष्मी तामाङ, अनिता तामाङ, डोमा तामाङ, रीना तामाङ, सुन्दरी तामाङ र कल्पना तामाङलाई चयन गरेको छ ।

संघकी केन्द्रीय सदस्य अप्सरा मगरले सञ्चालन गरेको भेलामा क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज जीवन र पार्टी जिल्ला सदस्य दिलमायाको उपस्थिति रहेको थियो ।

## प्रहरी धरपकड र गिरफ्तारीको अनेमसंघ(क्रान्तिकारी)द्वारा घोर भर्त्सना

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी)ले १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा शान्तिवाटिकाबाट नेकपाको प्रहरी हस्तक्षे र धरपकडको घोर भर्त्सना गरेको छ । र, प्रहरी गिरफ्तारीमा परेकी नेकपा (विप्लव) को महिला संगठनकी केस गौरा धामी लगायतको अविलम्ब रिहाईको माग गरिएको छ । अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय अध्यक्ष अम्बिका मुडभरीले एक वक्तव्य जारी गरी प्रहरी हस्तक्षेप तथा गिरफ्तारीको भर्त्सना गरेकी हुन् । वक्तव्यमा महिलामाथि भइरहेको सबैखाले शोषण र उत्पीडनका विरुद्ध आम श्रमजीवी महिलाहरू एकढिक्का भएर आन्दोलित हुन समेत अपील गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "निरंकुश पञ्चायती व्यवस्था, राजतन्त्र अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रमा आइपुग्दा समेत महिलामाथि हुने हत्या, हिंसा, बलात्कारका घटनाहरू झन पछि झन बृद्धि हुनुले गम्भीर स्थितिको आभाष भइरहेको छ । अवोध नाबालिकादेखि ८० वर्षे हजुरआमा समेत असुरक्षित हुने स्थिति बढेर गएको छ ।

जनताको बोल्न, पाउने, सभा सम्मेलन गर्न पाउने संविधानप्रदत्त अधिकारमाथि समेत लात हान्दै १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा काठमाडौंको शान्तिबाटिकाबाट नेकपाको भातृ संगठन अनेमसंघ(क्रान्तिकारी) की केस गौरा धामी लगायतलाई गिरफ्तार गुर्नले राज्यको निरंकुश चरित्र उदाङ्गो भएको छ । हाम्रो संगठन अनेमसंघ (क्रान्तिकारी) उक्त गिरफ्तारी र धरपकडको घोर भर्त्सना गर्दछ । र, गिरफ्तारमा परेकी गौरा धामी लगायत सबैको अविलम्ब रिहाईका लागि जोडदार माग गर्दछ । साथै, महिलामाथि भइरहेको सबैखाले शोषण र उत्पीडनका विरुद्ध आम श्रमजीवी महिलाहरू एकढिक्का भएर आन्दोलित हुन समेत अपील गर्दछ ।'

# असफलताको धुरी चढ्दै चीन–अमेरिकी व्यापारवार्ता



काठमाडौं । चीन र संयुक्तराज्य अमेरिकाबीच विगत तीन महिनादेखि चलिरहेको व्यापार वार्ता अझै पनि अनिश्चित अवस्थामा रहेको छ । कुनै पनि निष्कर्षको बाटो समात्न नसकेको यो वार्ता वार्ताको नाममा भने जारी रहेको छ । व्यापार वार्ता आफैमा व्यापार बनिरहेको विश्लेषकहरूको दाबी छ ।

एकातिर व्यापार वार्ता पनि चलिरहेको छ र अर्कोतिर त्यसमा लिलाम बढाबढ पनि भइरहेको पनि छ । वासिङ्टन र बेइजिङले आपसमा विवादास्पद टिप्पणीहरू पनि गरिरहेका छन् । यसले वार्तालाई निकै पेचिलो र अन्यौलतातिर धकेलिरहेको छ । समस्या समाधानतिर होइन, लफडातिर अघि बढिरहेको विज्ञहरूको दाबी छ । दुबै महाशक्तिका उच्च ओहदाका व्यक्ति तथा टिप्पणीकारहरूबाट एकापस टिप्पणीका दोहोरीहरू चलिरहेका छन् । यसले दुवै देशका साथै विश्व शेयर बजारमा समेत निकै तरलता ल्याइदिएको छ ।

एकले अर्कासँग खोचे थाप्ने र निहुँ खोज्ने क्रममा राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू व्यापार वार्ताप्रति आशावादी भएकाले यसलाई जारी राखेको बताएका छन् । उनको जिकिर के कुरामा रहेको छ भने अमेरिकाका जायज सरोकारका कुराहरू वार्तामा सम्बोधन नहुँदासम्म चीनसँग हुने र गरिने भनिएका कुनै पनि सम्झौतामा हस्ताक्षर गरिने छैन । कुटनीतिक दबाब दिन निकै चतुर राष्ट्रपति ट्रम्प आफ्ना एकजना आर्थिक सल्लाहकारमार्फत् अमेरिका वार्ताबाट जहिले पनि बाहिरिन सक्ने डर र धम्की दिइरहेका छन् ।

उता चीन पनि विश्वबाट खुम्चदै गइरहेको अमेरिकासित नतर्सिएर तर सतर्कतापूर्वक वार्ता र संवादको बाटो अघि बढाइरहेको छ । चीन आफूले आर्थिक विकासमा लिइरहेको गतिमा अवरोध नआओस् भन्नेमा प्लस माइनस हिसाब गरेर अघि बढिरहेको छ ।

विश्वका दुई ठूला आर्थिक महाशक्तिहरू चीन र अमेरिकाबीच व्यापारका विषयमा विवाद चुलिएको एक वर्षभन्दा बढी भइसकेको छ । यी दुवै देशबाट एकअर्का देशमा खर्बौ डलर बराबरको सामान आयात निर्यात भइरहन्छ । यसैमा उनीहरूको विवाद रहेको छ । उनीहरूको कर वृद्धिको कुरा पनि यससँग नै जोडिएको छ ।

विश्वमा आआफ्ना क्रेडिट नघटोस् भनेर अमेरिकी र चिनिया अधिकारीहरू विवाद समाधानतर्फ सकारात्मक रूपमा अघि बढिरहेको दाबी गरिरहेका छन् । त्यसका लागि आआफ्ना विज्ञ जनशक्तिको कलात्मकता अधिकतम् प्रयोग गरिरहेका छन् । अमेरिकाले यसो भन्यो चीनले यसो भन्यो भनेर विश्व व्यापारमा चीन अमेरिकी प्रतिस्पर्धीहरूलाई हौसला दिइरहेका छन् ।

अमेरिका चीनको केही भए पनि मुख्यमुख्य व्यापारिक सेक्टरहरूमा भएको राज्य नियन्त्रण छोडिदेओस् भनेर चिनियाँ संरचनात्मक परिवर्तनको माग गरिरहेको छ । तर आश्चर्यको कुरा के भने अमेरिका पनि पछिल्लो चरणमा आएर केही धेरै कुराहरू त राज्यको नियन्त्रणमा हुनु पर्ने रहेछ भन्ने कुरामा पुगेको छ । तर चीनलाई भने राजय नियन्त्रण छोड भनी माग गरिरेको छ । यसको एउटै अर्थ हो- चीन अमेरिकाभन्दा यसैकारणले बलियो हुन गएको छ । यसका साथै तत्काल विदेशी लगानीकर्ताहरूमाथि खुल्ला व्यवहार गरिनुपर्ने अमेरिकी माग रहेको छ । यसका साथै अमेरिकाले चिनियाँ सरकारले अमेरिकी प्रविधि नक्कल गरेको भन्ने पनि आरोप लगाइरहेको छ ।

उता चीनले व्यापारका संपूर्ण प्रक्रियाहरू खुल्ला रहेको र अमेरिकाले विश्व बजारमा ब्ल्याक मेलिङ गर्न खोजेको कुरामा जोड दिँदै आएको छ । चीनको प्रस्तावित कानुनमा ४८ वटा क्षेत्रलाई "संरक्षित सूची" मा राखिएको छ । ती संरक्षित सूचीमा रहेका कुराहरूको संरक्षणका लागि विदेशी लगानीलाई या त निषेध गरिएको छ वा विशेष अनुमति आवश्यक पर्ने बताइएको छ ।

# उत्तर कोरियाको भूउपग्रह प्रक्षेपणको तयारी

## दक्षिण कोरियामा तनाब



काठमाडौं । उत्तर कोरियाले भूउपग्रह प्रक्षेपणको तयारी गर्दैगर्दा दक्षिण कोरियामा तनाव उत्पन्न भएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पसँग वार्ता पनि गरिरहने र आफ्नो आणविक सुदृढीकरणको प्रक्रियालाई पनि यो वा त्यो रूपमा अघि बढाइरहने उत्तर कोरियाको रणनीति रहेको व्यवहारमा नै प्रष्ट हुन आएको छ ।

उत्तर कोरियाको यस्तो खाले रणनीतिक तथा कुटनीतिक तयारीले दक्षिण कोरियामा भूकम्प नै ल्याएको छ । यसको सतर्कतापूर्वक सामना गर्न दक्षिण कोरियाका राष्ट्रपति मुन जाए-इनले सात जना मन्त्री फेरबदल गरेका छन् । उनले मन्त्रीहरू निकै फेर्न र हेर्न थालेका छन् । शायद उत्तरबाट ल्याउनु पर्ने सूचना र गोप्य कुराहरूको सेटिङ मिलाउन नसकेपछि उनीहरू हटाइएका हुन् ।

बहालवालाहरू हटाइएर शुक्रबार सात जना नयाँ मन्त्री नियुक्त गरिएका राष्ट्रपतिको कार्यालय ब्ल्यु हाउसले जानकारी दिएको छ । अन्तर-कोरिया सम्बन्धलाई मध्यनजर गरेर यी सबै गरिएको उसले जनाएको छ । राष्ट्रपतिले उनको ५ बर्षे कार्यकालको मध्यतिर यसरी थोकमा मन्त्रीहरू फेरबदल गरेका हुन् ।

यसलाई उनको कार्यकालमा भएको सबैभन्दा ठूलो हेराफेरी भनेर त्यहाँका अधिकारीहरूले बताएका छन् । स्मण रहोस् यसअघि उनले गत बर्षको अगस्टमा पनि पाँच जना मन्त्री परिवर्तन गरेका थिए ।

नियुक्त भएका मन्त्रीहरूले कार्यभार सम्हाल्नुअघि संसदीय सुनुवाई हुनुपर्ने दक्षिण कोरियाको कानुनी व्यवस्था रहेको छ ।

# आशंकाको कुहिरोमा काश्मिर तनाव

काठमाडौं । भारत प्रशासित काश्मिरको जम्मु नगरमा विहिवार प्रहार गरिएको एक ग्रिनेड बलमे स्थानीय जनतामा निकै तनाव ल्याएको छ । मानिसहरूले खचाखच भरिएको एक व्यस्त बस स्टेशनमा उक्त बिष्फोट गराइएको थियो ।

बिस्फोटमा परी एक जनाको मृत्यु भएको छ भने अन्य ३० जना घाइते भएका छन् । बिष्फोटमा आधुनिक ग्रिनेड प्रयोग गरिएको आशंका गरिएको छ । ग्रिनेड बिष्फोट भएको बस स्टेशन सधैं मानिसहरूले खचाखच भरिने र एक व्यस्त बस स्टेशन हो । जम्मु शहरमा रहेको मुख्य बस स्टेशन पनि हो । जम्मु नगर भारत नियन्त्रित काश्मिरको शरदकालीन राजधानी नगरसमेत हो ।

उक्त घटनामा गंभीर तथा सामान्य घाइते सबै सरकारी मेडिकल कलेजमा भर्ना गरिएका छन् । गम्भीर घाइतेमध्ये चार जनाको अवस्था निकै चिन्ताजनक अवस्थामा रहेको छ । आशंकित एकजना पक्राउ गरे पनि घटनाको जिम्मा कसैले लिएको देखिदैन ।

बिस्फोटमा घाइते भएका एक १७ वर्षीय किशोरको उपचारका क्रममा मृत्यु भइसकेको छ ।



# पेरुका राष्ट्रपतिद्वारा राजीनामा



काठमाडौं । दक्षिण अमेरिकी देश पेरुका प्रधानमन्त्री सेजार भिल्लानुभाले पदबाट राजीनामा दिएका छन् । उनले उक्त राजीनामा राष्ट्रपतिसमक्ष दिएका हुन् । सो कुराको राष्ट्रपति कार्यालयले पुष्टि गरेको छ ।

प्रधानमन्त्री सेजारको यो दोस्रो कार्यकाल हो । यसअघि सन् २०१३ देखि २०१४ सम्म दुई वर्ष उनले पहिलो कार्यकाल विना अवरोध बिताएका थिए । त्यसपछि सन् २०१८ मा दोस्रो पटक प्रधानमन्त्री चुनिएका सेजारले जनतामाझ निकै नराम्रो छवी बनाएका थिए ।

देशमा बढेको भ्रष्टाचार रोक्न र सुशासन कायम गर्न नसकेको भनी चौतर्फी आलोचनाको सिकार बनेका प्रधानमन्त्री सेजार टिक्न नसकेर राजीनामा दिएको बताइएको छ । पछिल्ला दिनमा प्रधानमन्त्री सेजारको लोकप्रियता ओरालो लागेको थियो ।

## राष्ट्रियता...

सरकारको भूमि व्यवस्था मन्त्रीले आजभन्दा चार दिन सार्वजनिक गरेको नेपालको नक्सा के शुद्ध छ ? पुराना ऐतिहासिक नक्साले नेपालको सिमाना कहाँ इङ्गित गरेको छ, के यसबारे यो सरकार जानकार छ ?" आदि प्रश्नहरू अहिलेको सरकारतिर तेर्स्याउँदै अन्तरसंवाद कार्यक्रममा सिमाविद् बुद्धिनारायण श्रेष्ठले देशको सिमाना र नक्साका विषयमा गम्भीर प्रश्न उठाएका छन् ।

उनले सरकारले हालै सार्वजनिक गरेको नक्सामा नेपालको ३१० वर्ग किमी भूमि गायब रहेको दावी प्रस्तुत गर्दै भारतले बनाएर नेपाली बजारमा छ्याप्छ्याप्ती पारेको नक्सामा नेपालको ३७२ वर्ग किमी नेपाली भूमि भारततिर पारिएको बताए । सिमाविद् श्रेष्ठले स्थानीय मन्त्रालयले प्रकाशित गरेको पुस्तकमा समेत सबै स्थानीय तह, प्रदेशहरूको कूल क्षेत्रफल जोड्दा २३ सय वर्ग किमि भूमि गायब देखिएको पनि बताए ।

उनले नेपालका शासकहरू लुरेलारे भएकाले सीमा अतिक्रमण नरोकिएको र हस्तक्षेप बढिरहेको चर्चा गर्दै ओली सरकारको चर्को आलोचना गरे । उनले पुराना ऐतिहासिक नक्साका आधारमा नेपालको वास्तविक नक्सा बनाइनु पर्ने र सबै तथ्यहरूले



लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको भएको पुष्टि गरेकोले सोही अनुसार नक्सा बनाएर प्रयोग गर्न पनि उनले सरकारलाई सुझाव दिए र राजनीतिक पार्टीहरूलाई त्यसका निम्ति दबाब सिर्जना गर्न अनुरोध समेत गरे ।

आर्थिक रूपले समृद्ध, विज्ञान प्रविधिले सम्पन्न र विकसित तथा शक्तिशाली राष्ट्र बन्न सकेको खण्डमा नेपालले आफ्नो विशाल भूभाग फिर्ता गर्न सक्ने समेत दावी गरे । त्यसको लागि शासकहरू बलिया राष्ट्रवादी हुनुपर्नेमा जोड दिए ।

मोर्चाका काठमाडौं अध्यक्ष खगेन्द्र छन्त्यालले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन महिला नेतृ शारदा महतले गरेकी थिइन् । कार्यक्रमको प्रमुख अतिथि मोहन वैद्य 'किरण' रहेका थिए भने अतिथिहरूमा सिपी गजुरेल, रामसिंह श्रीस, सिमाविद् बुद्धिनारायण श्रेष्ठ, कृष्ण राई-डबल नेकपा, सिद्धि महर्जन-नेकपा माले, नरेन्द्र तण्डुकार- नेकपा ऋषि कट्टेल, रहर बहादुर खड्का नयाँ शक्ति, भविन्द्र बेलबासे- राष्ट्रिय जनमोर्चा, देवेन्द्र प्रधान- राप्रपा, कपिल सिजापति-माके (किराती), सन्तोष चालिसे-मेयर (गोकर्णेश्वर नपा) लगायत रहेका थिए । कार्यक्रममा उपस्थित सबैले राष्ट्रिय स्वाधीनताको विषयलाई महत्वका साथ उठाएका थिए र क्रान्तिकारी माओवादी तथा मोर्चालाई कार्यक्रमका लागि धन्यवाद दिएका थिए । अधिकांश वक्ताहरूले नेकपा (क्रान्तिकारी माओवादी)को केस तथा काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठले प्रस्तुत गरेको कार्यपत्रले उठाएका विषयहरूलाई समर्थन गर्दै राष्ट्रिय स्वाधीनता तथा सीमा र नक्साको विषयमा सबै राजनीतिक पार्टीहरू एकढिक्का भएर अगाडि बढ्नुपर्ने धारणा राखेका थिए । नेता श्रेष्ठले १० पृष्ठ लामो गहन कार्यपत्र प्रस्तुत गरेका थिए ।

मोर्चाले यसअघि काठमाडौं महानगरपालिकासहित सबै नपामा स्मरणपत्र बुझाउँदै नेपालको नक्कली नक्सा प्रयोगको विरोध गर्दै वास्तविक नक्सा प्रयोगका लागि अभियान नै सञ्चालन गरेको थियो । पछिल्लो पटक लिम्पियाधुरा-कालापानी-लिपुलेक, सुस्ता लगायत भूमि गायब पारिएको नक्सा प्रयोग भइरहेको तथ्य सार्वजनिक भएपछि मोर्चाले त्यसका विरुद्ध अभियान चलाइरहेको छ । यहाँसम्म कि सरकारी निसान छापमा समेत नक्कली नक्सा प्रयोग भएको पाइएको खुलासा भएपछि यसको क्रान्तिकारी माओवादी तथा देजमो लगायतका राजनीतिक पार्टीले विरोध गर्दै आएका छन् ।

# राष्ट्रिय स्वाधिनता र नेपालको वास्तबिक नक्सा प्रयोगको प्रश्न

**भूमिका**

राष्ट्रियता, जनजीविका र जनतन्त्रको सुनिश्चितताको साथै आमूल परिवर्तनको निम्ति नेपाली जनताले पटक पटक विविध ढँगले संघर्ष गर्दै आईरहेका छन् । तर बिडम्बना आन्दोलन र संघर्ष उत्कर्षमा पुग्दै गर्दा आन्दोलन र संघर्षको नेतृत्व गरेका नेताहरूको सम्झौता परस्त र आत्मसमर्पणवादी प्रवृत्तिका कारण यी समस्याहरू समाधान हुनुको बदला झन् जटील र पेचिलो हुने गरेका छन् ।

नेपाली राजनैतिक ईतिहासमा आन्दोलन र संघर्षले उचाई हासिल गर्दै गर्दा बैदेशिक शक्तिहरूको प्रत्यक्ष वा परोक्ष संलग्नतामा अपारदर्शी सम्झौता हुने गरेका छन् । जुन देश र जनतालाई सुसूचित गराईदैन । यससँगै राष्ट्रिय स्वाधीनता माथिको आक्रमण पनि तीव्रतामा हुने गरेको कटु यथार्थताप्रति हामी गम्भीर हुनु पर्दछ ।

वास्तविक जनप्रतिनिधित्व रहेको संविधान सभा विघटन गरि संविधान सभाको कथित दोश्रो चुनावमार्फत पश्चगामी संविधान बनाएको छ । त्यही संविधान अनुसार २०७४ मा संसदीय चुनाव पनि सम्पन्न भए । चुनावपछि कथित कम्युनिस्टहरूको नेतृत्वमा दुई तिहाईको सरकार चलिरहेकै छ तर यही बेला राष्ट्रिय स्वाधीनताको प्रश्न झन् जटील बन्दै गईरहेको छ । सरकारी कार्यालयहरूमा भारतद्वारा निर्मित नेपालको नक्कली नक्सा र सोही नक्सासहितको निशाना छाप छ्यापछ्याती प्रयोग भईरहेका छन् । यो कुरा वास्तविक देशभक्तहरूका निम्ति सैह्य हुनै सक्दैन ।

तसर्थ राष्ट्रिय स्वाधीनताको रक्षाका साथै कालापानीसहितको नेपालको वास्तविक नक्सा र निशाना छाप प्रयोग गराउन एकरूप बुझाई स्थापित गराउने उद्देश्यले यो सर्वपक्षीय अन्तरसंवाद कार्यक्रमको आयोजना गरिएको छ । सम्पूर्ण अतिथि गणलाई यो सन्दर्भमा आयोजक कमिटी वास्तविक नक्सा र निसाना छाप प्रयोग गर्न हुन विशेष अनुरोध गर्दछौं ।

**क) राष्ट्रिय स्वाधीनताको प्रश्न**

हाम्रो देश नेपाल तीनतिर भारत र एकातिर चीनको सीमासँग जोडिएको स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुक हो । सन् १८१६ को सुगौली सन्धिदेखि राणा शासनको उदय र अन्तसम्मको अवधिमा नेपाली समाज अर्धऔपनिवेशिक र अर्धसामन्ती अवस्थामा बदलिन पुग्यो । सन् १९४७ मा ब्रिटिश साम्राज्यवाद भारतबाट फिर्ता भयो । साम्राज्यवादले दोस्रो विश्वयुद्ध पश्चात् प्रत्यक्ष उपनिवेशनको सट्टा नव-उपनिबेशनको बाटो अवलम्बन गर्‍यो । त्यसपछि व्रिटिश साम्राज्यवादले नेपालमाथि गर्दै आएको हस्तक्षेप र उत्पीडनको अख्तियारी भारतीय विस्तारवादको हातमा गयो । त्यहीबाट नेपाल अर्धसामन्ती, अर्धउपनिवेशबाट नवऔपनिबेशिक अवस्थामा फेरिन थाल्यो ।

यसै क्रममा भारतीय विस्तारवादसँग सन् १९५० को सन्धि, सन् १९६५ सन्धि, विप्पा सन्धि लगायतका विभिन्न कालखण्डमा भएका असमान सन्धि सम्झौता र संयुक्त विज्ञप्ति आदिहरूको देशभक्त, प्रगतिशिल शक्ति र नेपाली जनताले सशक्त विरोध गर्दै आएका छन् ।

- देशका अधिकांश जलसम्पदामाथि भारतीय हस्तक्षेप कायम छ । विगतमा भएका गण्डक सम्झौता, कोशी सम्झौता, महाकाली सन्धि, अपर कर्णाली, अरुण तेस्रो लगायत सन्धिहरूको पनि विरोध हुँदै आएको कुरा सर्वविदितै छ । अपर कर्णली ठेक्का पाएको बदनाम भारतीय कम्पनी जि.एम.आर.ले नेपालको अपर मर्स्याङ्गदी चीनको हाइड्रो पावर कम्पनी (सिचुवान इन्भेस्टमेन्ट ग्रुप, सिङचेङ इन्टरनेसनल र क्यूवाईईसी)लाई विक्रि गरेको छ । यो राष्ट्रिय स्वाधीनताको सम्बन्धमा लज्जाको अवस्था हो ।
- नेपालले ठुलो परिमाणमा भारतबाट विद्युत खरिद गरिदै आएको स्थिति एकातिर छ र अर्कोतिर आफ्नै देशमा उत्पादन हुने अपर कर्णालीको विजुली भारतीय ग्रीड सिस्टममा जोडेर पुनः नेपालमा वितरण गर्ने कुराले विद्युत वितरणमा पनि भारतको एकाधिकार कायम हुन पुग्ने देखिन्छ । जसका कारण भारतले एउटा स्वीच अफ गर्दा पुरै देश अन्धकार हुने अवस्था पैदा हुनसक्ने संभावना छ । यसले राष्ट्रिय स्वाधीनताको सवालमा गंभीर प्रश्न खडा गरेको छ ।
- सन् १८१६ को सुगौली सन्धीपश्चात् कायम भएको नेपालको दार्चुलास्थित लिम्पियाधुरासम्मको सिमानालाई नक्शाबाट हटाएर कालापानी र लिपुलेकसम्म तात्कालीन शासकहरूले सीमा कायम गर्नु, हाल नेपाल सरकारले कालापानी र लिपु लेकविनाको भारतद्वारा निर्मित नक्सा र निशाना छाप बेरोकटोक सरकारी कार्यालयहरूमा प्रयोगमा ल्याउनु र यसमा सरकार मौन बस्नु, के यो सार्वभौमसत्तामाथि खेलवाड होइन् ?
- यसका साथै भारतीय विस्तारवादले ७१ भन्दा बढी स्थानहरूमा सिमा अतिक्रमण गरेको छ । संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको एक शाखाले देशको वास्तविक क्षेत्रफल घटाएर गलत तथ्यांङ्क सार्वजनिक गरिएको छ ।
- नेपालको भुभाग लिपुलेकलाई व्यापारिक नाका बनाउने भनि भारत र चीनवीच सम्झौता भएको छ । यसमा सरकार चुँसम्म नबोल्नु देशभक्ति र सार्वभौमसत्तामा माथिको उदासिनता होइन ?
- भारत र चीनजस्ता बिशाल जनसंख्या भएको नेपालमा विदेशी नागरिकलाई सहज रूपमा नेपाली नागरिकता प्राप्त गर्न मिल्ने प्रावधान रहेको नागरिकता विद्येयक प्रतिनिधि सभामा बहस भईरहेको र सो पारित भएमा जमिन मात्र होइन जनसंख्यामा पनि अतिक्रमण भई सार्वभौमसत्ता, भौगोलिक अखण्डता र सामाजिक सद्भावमा पनि असर परि देश अझ बैदेशिक शक्तिहरूको क्रिडास्थल बन्ने स्थिति पैदा भईरहेको छ ।
- साम्राज्यवादीहरूको इसारामा एसिया प्याफिक समिटको आयोजना गरि बौद्धिक व्यक्तिहरूको जनघट र छलफलको नाममा सरकारको सहआयोजकको रूपमा सहभागिता र तेह्र करोड खर्चसहित क्रिश्चियन धर्मको कार्यक्रम आयोजना गर्नु देशकै लागि लज्जाको विषय बनेको छ ।

**ख) देशको सिमाना बारे**

- सन् १८१६ को सुगौली सन्धि र सन् १९४७ मा व्रिटीश साम्राज्यवाद भारतबाट फिर्ता भएदेखि व्रिटिश साम्राज्यवादले नेपालमाथि गर्दै आएको हस्तक्षेप र उत्पीडनको उत्तराधिकारी बनेको भारतीय विस्तारवादको एकाधिकारवाद कायम हुँदै आएको छ । नेपाल, भारत र चीनबीच कयौं पटक सिमा सम्झौता पनि भएका छन् । तर भारतीय विस्तारवादको एकपक्षीय हेपाहा र मिचाहा प्रवृत्तिका साथै नेपाली शासक वर्गको मौनता र प्रभावकारी कुटनीतिक पहलकमीको अभावले सिमा सम्झौता र सिमांङ्कन विवाद सुल्झिन सकेको छैन् । जसका कारण सिमा क्षेत्रका नेपाली जनता भारतीय पक्षको ज्यादतिको नियति नै बनेको छ । १५ मे २०१५, लिपु लेकलाई भारत र चीनवीचको व्यापारिक नाका बनाउने सम्झौता भएपछि भारत र चीन दुवैले नेपाललाई बेवास्ता गरेको प्रष्ट देखिन्छ । यही सन्दर्भमा हाल नेपाल सरकारको विभिन्न निकायले कालापानी वेगरको नक्सा प्रयोग गरिरहेको सन्दर्भमा नेपालको बास्तविक नक्सा, सिमाबारे सर्वत्र चासो र चिन्ताको विषय बनेको छ । नेपालको सिमा कति हो भन्ने बारे ऐतिहासिक रूपमा दुइटा पक्ष छन् ।

**१. विशाल नेपालको सिमाना :**

नेपाल ऐतिहासिक कालदेखि नै स्वतन्त्र र सार्वभौम मुलुक रहँदै आएको छ । पृथ्वी नारायण शाहले प्रारम्भ गरेको राज्य विस्तार तथा एकीकरणको अभियानलाई उनका सन्तानहरूले पनि निरन्तरता दिने क्रममा देशको सिमा पूर्वमा टिष्टा र पश्चिममा किल्ला काँगडासम्म तथा उत्तरमा तिव्वतको टासिल्होन्पु र दक्षिणमा गंगा गण्डकसम्म फैलिन पुगेको थियो । त्यतिबेला नेपालको क्षेत्रफल करिव २६७,५७५ वर्ग कि.मि.(यदि टिष्टा-सतलजलाई मान्ने हो भने २०४,९१७ वर्ग कि.मि.) फैलिएको देखिन्छ ।

अँग्रेजले रौतहटको बाइस गाउँ, स्यूराज र बुटवलमा सिमा विवाद निकाली, सो ठाउँ आफ्नो भएको दाबीसहित २५ दिनभित्र सो ठाउँ खाली गर्ने वा युद्ध लड्ने भन्ने व्यहोरासहितको पत्र ११ मार्च नोभेम्वर सन् १८१४ मा पठायो । नेपालमा व्रिटीश साम्राज्यवादसँग लडाई लड्ने वा नलड्ने भन्ने बारे मतभेदका बावजुट १ नोभेम्वर १८१४ मा लडाई भई छाड्यो । सो लडाई दुई बर्षसम्म जारी रहयो र सामरिक, प्राविधिक साधन, रसद पानीलगायत अत्यावश्यक सामाग्रीहरूको व्यवस्थापन केन्द्रबाट गर्न नसक्नु वा कमजोर हुनुका कारण नेपाल लडाईबाट पछि हट्दै जानु पर्ने स्थिति पैदा भयो । यही सन्दर्भमा २ डिसेम्वर १८१५ मा हस्ताक्षर गरि १५ दिन भित्र फिर्ता गर्न म्याद सहित सुगौली सन्धी सम्बन्धी ड्राफ्ट पठाउने काम गरेका थियो । यही वीच काठमाडौं धावा बोल्ने प्रचार गरि सैन्य बल परिचालन गरेपछि करकाप र भयवीच ४ मार्च १८१६ मा नेपालको तर्फबाट चन्द्रशेखर उपाध्याय र इष्ट इण्डिया कम्पनीको तर्फबाट प्यारिस ब्राडसाले हस्ताक्षर गरेको सन्धिमा बेलायतका गभर्नर अक्टरलोनीले मात्र अनुमोदन गरि सुगौली सन्धि हुन पुग्यो ।

यो सन्धिको धारा २, धारा ३, धारा ४, धारा ५, धारा ६ र धारा ७ को प्रावधानले नेपालको ठूलो जनधनको क्षति हुनु, एक तिहाई भुभाग घटेर १४७,१८१ वर्ग कि.मि.सीमा सिमित हुनुका साथै नेपालको सार्वभौमिकता र स्वतन्त्रतामा पनि अप्रत्यक्ष हस्तक्षेप हुन् पुग्यो ।

**विशाल नेपालको सिमा हुन सक्ने आधार**

- नेपालका राजाले कालीदेखि र टिष्टाको सम्पूर्ण समतल भू-भाग, मेची तथा मोरङ पूर्वको पहाडी भाग नेपालका राजाले सदाका निम्ति परित्याग गर्ने धारा ३ मा भनिए पनि सन्धि भएको नौ महिना नवित्दै ११ डिसेम्वर १८१६ मा कोशीदेखि राप्तीसम्मको समतल भूभाग फिर्ता हुनु, राप्तीदेखि कालीसम्मको समथर भू-भाग १ नोभेम्वर सन् १८६० मा फिर्ता हुनुका कारण सुगौली सन्धि सदाका निम्ति भएको थिएन भने देखाउँछ ।
- सन् १९५० जुलाई ३१ मा भएको नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको धारा ८ मा, यो सन्धि भएको मितिभन्दा पहिले भारत सरकारका तर्फबाट नेपाल सरकार र बेलायत सरकारबीच भएका सबै सन्धि पत्र, स्वीकार पत्र र कवुलनामाहरूलाई खारेज गरेको अवस्था र ३० अक्टोवर सन् १९५० को नेपाल-बेलायतबीच भएको सम्झौताको धारा ८ मा पनि, काठमाडौंमा भएको २१ डिसेम्वर १९२३ को सन्धि तथा यस पूर्वका सम्पूर्ण सन्धिहरू ,व्यवस्थाहरू र सम्झौताहरू बर्तमान सन्धि लागू भएसँगै कार्यरूपमा प्रयोग हुनबाट बञ्चित गरिएको प्रावधान ।
- बेलायतको संसदले १८ जुलाई १९४७ मा पारित गरेको 'इण्डिया इन्डीपेन्डेन्ट ऐक्ट' मा स्पष्ट रूपमा हामी जुन अवस्थामा भारत आएका थियौं, त्यही अवस्थामा छाडेर जादैछौं भने लेखिएको निर्णय ।
- भारत, ब्रिटिस साम्राज्यबाट स्वतन्त्र भएपछि नेपालको भू-भाग भारतको अधीनमा रहने कुनै सन्धि, सम्झौता वा समझदारी नभएकोले अँग्रेजले हडपेको जमिन नेपाललाई पाउनु पर्ने ।

**२. बर्तमान नेपालको सिमाना**

सुगौली सन्धि, त्यसपश्चात् भएका पुरक सन्धि, १ नोभेम्वर सन् १८६० मा भएको सीमा सन्धि (जसलाई नयाँ मुलुक फिर्ता सम्बन्धी सन्धि पनि भनिन्छ ।) पश्चात् बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता भयो । नेपालको क्षेत्रफल १४७,१८१ बर्ग कि.मि. कायम हुन पुग्यो । वर्तमान नेपालको सिमाना मेची-महाकाली भनि ठोस भएको छ ।

- सन् १८१६ देखि १८७५ सम्म नेपाल-भारतवीच भएका सीमा सम्झौता र सिमांङ्कनप्रति भारतीय विस्तारवादको एकतर्फी हेपाहा र मिचाहा प्रवृत्तिका कारण विवाद हल हुन सकेको छैन् । कालापानी, सुस्ता, महेशपुर लगायत ठाउँहरू कब्जा गर्दै आएको छ र ७१ भन्दा बढि स्थानहरूमा सीमा मिचिएका छन् । त्यति मात्र होइन सीमानाको संवेदनशील दशगजा क्षेत्रमा पनि अतिक्रमण गरि पक्की संरचना बनाएको दृष्टान्तले भारतको सीमासम्बन्धी दृष्टिकोण स्पष्ट हुन्छ ।
- पछिल्लो चरणमा नेपाल सरकारका विभिन्न निकायहरूमा कालापानी बेगरको नक्सा र निसान छापा बेरोकटोक प्रयोग भईरहनु र यसमा सरकार मौन रहनु । यसबारे देशभक्त जनता, विभिन्न संचार माध्यम, सरकारकै विभिन्न विभागका रिपोर्टहरू र पत्रपत्रिकामा आएको समाचारप्रति गम्भीर नहुनु आश्चर्यको विषय बनेको छ ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संघीय मामिला शाखाले प्रकाशन गरेको गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४ मा देशको कुल क्षेत्रफल नै कमि देखाएको छ । यस खालको तथ्यांङ्क किन सार्वजनिक भयो ? देशको सिमा र क्षेत्रफलवारे तथ्याङ्क राख्ने आधिकारीक निकाय नापी विभाग हुँदा हुँदै संघीय मामिला मन्त्रालयले किन समन्वय नगरि यस्तो गर्‍यो ?



**कालापानी विवाद**

सुगौली सन्धि अनुसार पश्चिम-उत्तरको सिमाना काली नदी मानिएको छ । काली नदीको वास्तविक मुहान लिम्पियाधुरा हो । तर भारतले कालापानी लगायतको नेपालको भूभाग हडप्न नक्कली महाकाली नदी तयार पारेर त्यसैलाई नेपाल र भारतको सिमाना भनि प्रचार गर्दै आएको छ । भारतीय पक्षले एउटा नक्कली काली नदी लिपु भन्ज्याङ र अर्को काली मन्दिर बनाएर त्यहाँभन्दा मुनिको सानो खोल्छा(कुनै पनि नक्सामा अँङ्कित नभएको)लाई महाकाली भनि प्रचार गर्दै आएका छन् । सन् १८५६ देखि इष्ट इण्डिया कम्पनीले नक्सामार्फत महाकालीको शीरमाथि अतिक्रमण सुरु गरेका थिए । तत्कालिन दरवार तथा शाही सेनाको दवाव र चाहाना अनुसार नेपालको नक्सामा लिम्पियाधुरा छोडेको र २०१७/१८ देखिनै सोही नक्सा प्रयोगमा आईरहेको छ । सन् १९६२ को चीन-भारत युद्धका बेला नेपाल-भारत उत्तर-पश्चिम सिमानाको कालापानीमा भारतले आफ्नो शिविर खडा गरेको थियो । युद्धविराम भईसकेपछि सो शिविरलाई अझ सुदृढ गरेको थियो । तत्कालीन श्री ५ को सरकारले भारतीय सेना हटाउन खास पहल नगरेको बरु तत्कालिन राजा महेन्द्रले मौखिक रूपमा क्याम्प कालापानीमा राख्न सहमति दिएका थिए । सो शिविरलाई बैद्यता दिन र नेपालको भूमि अतिक्रमण गर्न भारतले नक्सै परिवर्तन गरेका थिए । लिम्पियाधुरा-लिपुलेक-कालापानी नेपालको सबैभन्दा बढि अतिक्रमित भूभाग हो र यहाँ मात्र ३७२ वर्ग कि.मि. अतिक्रमण भएको छ । पछिल्लो




चरणमा नेपाल सरकारका विभिन्न निकायहरूमा कालापानी बेगरको नक्साको व्यापक प्रयोगले के सरकारले कालापानी साँच्चै छोडेको हो ? यसमा सरकार किन मौन भन्ने गम्भिर प्रश्न खडा गरेको छ ?

**सिमा स्तम्भ र सिमांत्तन**

नेपाल भौगोलिक रूपमा चीन र भारतसँग जोडिएको छ । नेपाल र चीन सीमारेखाको निर्धारण हिमचुचुरो, देउराली, भञ्ज्याङ तथा हिमश्रृङ्खला माध्यमबाट भएको हुँदा साँध सिमाना पनि पनि त्यसैमाध्यमबाट गरिएको छ । नेपालको १५ वटा जिल्लासँग चीनको सिमा जोडिएको छ भने यसको सिमा लम्बाई १४३९ कि.मि. छ, त्यसमध्ये ७४ कि.मि. सिमानदीको रूपमा रहेको छ । सिमा स्तम्भ मुख्य र सहायक गरि क्रमश ७९ र २० गरि जम्मा ९९ वटा छन् । नेपाल र चीनवीच सीमा विवाद र समाधानका साथ बैज्ञानिक ढँगले अङ्कित गरि नक्सा तयार पार्नका निम्ति २१ मार्च १९६० मा चीन-नेपाल सीमा सम्झौता भयो । यसपछि सीमांकनको विवरणसहित १९६१ अक्टोवर ५ मा सीमा सन्धि भयो । यसबीच दुई देशका प्राविधिकहरूको संयुक्त टोलीले क्षेत्रगत सीमांङ्कन गर्ने क्रममा धेरै ठाउँमा विवादरहित काम भएपनि केही ठाउँमा विवाद उत्पन्न भयो । चीनले सगरमाथासमेतको दावी गर्‍यो । नेपाल र चीन दुई देश सामभौम र समान हक अधिकार भएका देश हुन् भन्ने धारणा र पञ्चशीलको सिद्धान्तका आधारमा सिमांङ्कन सम्पन्न गरि सम्पूर्ण विवरण सहित सन् १९६३ मा सीमासम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको थियो ।

सगरमाथाको उचाई, सिमा स्तम्भ नं. ५७ सम्बन्धी विवादलाई हल गर्न १८ अप्रिल २००६ मा साझा सीमा निरीक्षण गरि आधुनिक प्रविधिबाट नक्सांङ्कनसमेत तयार पारि चौथो सिमा प्रोटोकलमा हस्ताक्षर गरि नवीकरण गर्न १८ अप्रिल २००६ मा नेपाल-चीन संयुक्त सिमा समिति बन्यो । त्यही क्रममा १ फेब्रुवरी २०१२ मा चीनको सियानमा संयुक्त सीमा समितिको बैठक बस्ने भनिएको दुई दिन अघि नै किन प्रधानमन्त्री बावुराम भट्टराईले सो बैठक स्थगन गरे भन्ने कुरा आजसम्म थाहा हुन् सकेको छैन् ।

नेपालको २६ जिल्ला भारतसँग सिमाना जोडिएका छन् । यसको सिमा रेखा १८८० कि.मि. छ र त्यसमध्ये ६४० कि.मि.ले सिमानदीको काम गर्दछ । सिमा स्तम्भ मुख्य र सहायक गरि क्रमशः ९१६ र ७६३७ गरि ८८५३ स्ट्रीप नक्साको आधारमा निर्धारण गरिएको छ । नेपाल र भारतबीचको साँध सिमानाको विग्रँदो स्थितिका कारण पैदा हुन सक्ने समस्यालाई मध्यनजर राख्दै नेपालले संयुक्त निरीक्षण गरि सीमा स्पष्ट राख्न राखेको प्रस्ताव मुताविक सन् १९८० देखि संयुक्त रूपमा काम गर्न भारत सहमत भएको थियो । सोही बमोजिम १ नोभेम्वर १९८१ मा नेपाल-भारत संयुक्त प्राविधिक सीमा समिति (ञ्त्रऋ) गठन भएको थियो ।

सो प्राविधिक समितिले १५ नोभेम्वर १९८१ देखि सीमांङ्कनको काम शुरु गरेका थिए । यसले सीमारेखाको नक्सांङ्कन ९७ प्रतिशत काम सकेको छ । ञ्त्रऋ ले १८८० कि.मि. लामो सिमारेखाको नक्सांकन गरिएको सिमा स्तम्भ ८५५३ छन् । जसमध्ये जमिनमा स्थापना गर्न बाँकी ३२७७ छन् । जमिनमा स्थापना भएको ५,२७६ मध्ये पनि ४९९ खोलाले बगाएको, २०२ लोप भएको वा गरिएको, ६८४ सामान्य मर्मत, जीर्ण अवस्था १८९ र सवुद २०६४ र नदीनाला खोला खहरेका कारण निर्माण हुन नसक्ने १६३८ रहेको छ। यसरी कालापानी र सुस्तासहितको ३ प्रतिशत काम सम्पन्न नै नगरि म्याद थप नभएको कारण ३१ डिसेम्वर सन् २००७ मा ञ्त्रऋ भंग हुन् पुग्यो । यस क्रममा २००७ देखि २०१४ सम्म सिमासम्बन्धी केहि काम नै हुन सकेन । त्यस्तै २६ जुलाई २०१४ मा सिमा कार्य समूह(BOARDER WORKING GROUP - BWG) गठन भयो । सिमा स्तम्भ निर्माण, मर्मत, दशगजा अतिक्रमणको संयुक्त लगत संकलन गर्ने र सफा राख्ने, सिमा प्रोटोकल तयार पार्ने लगायतको काम जिम्मा दिएको थियो ।

कालापानी र सुस्ताको सम्बन्धमा नापी गर्न २५-२७ जुलाई २०१४ वसेको नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय तेस्रो संयुक्त आयोग(3rd Joint Commission) बैठकले दुबै देशका परराष्ट्र सचिवहरूलाई जिम्मा दिएको थियो । तर हालसम्म सो आयोगको बैठक बसेको छैन । तसर्थ कालापानी र सुस्ताको समस्याको हाल गर्न बनेको आयोगको बैठक नै नबस्नु वा चासो नै नलिनु कतै बाघ कराउनु, बाख्रा हराउनु भनेझैं भारतले कालापानी बिनाको नक्सा निर्माण गर्नु र नेपालको सरकारी निकायले सो नक्सा बेलगाम प्रयोग गर्नुका पछाडि उस्तै उस्तै भएको त होइन ?

**सिमा सुरक्षा बल सम्बन्धी :**

नेपाल-भारत सीमा सुरक्षाका निम्ति नेपालले सशस्त्र प्रहरी बल र भारतले एस.एस.वि. परिचालन गरिरहेको छ । भारतसँग जोडिएको २६ जिल्लामा नेपालको ९२ वटा वि.ओ.पि.( BOARDER OBSERVATION POST) र भारतको ९८० वि.ओ.पि. खडा गरेका छन् । प्रत्येक २/२ कि.मि.मा नेपालको तुलनामा ३ गुणा एस.एस.वि.को शक्ति तैनाथ गरेका छन् । नेपालको तर्फ सुरक्षा निकायलाई गरेको व्यवस्थापन र भारत सरकारको तर्फबाट आफ्नो शक्तिलाई गरेको व्यवस्थापन हेर्दा सिमामा राज्य विहीनताको अवस्था छ । एस.एस.वि. विकास निर्माण र स्वास्थ्य शिविर जस्ता सरकारको एबअपबनभ उचयनचक्रभ का साथ परिचालित भईरहेका हुन्छ । नेपालको यस्तो कार्यक्रम लगभग शून्यप्राय छ ।

**कालापानी विनाको नक्सा प्रयोग दृष्तान्त**

केहि समयदेखि नेपाल सरकारका विभिन्न निकायहरूमा कालापानी वेगरका नक्सा र निसाना छाप वेलगाम प्रयोग भईरहेका छन् । विद्यालयका पाठ्यक्रम, सरकारी तथा नीजि पत्रपत्रिकाहरू, विभिन्न औद्योगिक प्रतिष्ठानहरूका उत्पादित साम्रागीहरू र गुगल पेजहरूमा छ्यापछ्याप्ती भेटाउन सक्छौं । यसका केही उदाहरण निम्नानुसार छन् :यसरी देशको नक्सा, निशान छापको गलत ढँगले प्रयोग हुँदा कारवाही गर्नु पर्ने निकायहरूले नै मूकदशक हुनु, स्वयम् आफू र आफ्नो मातहतका निकायहरूमा सोही बमोजिमका नक्साहरू प्रयोग हुँदा गम्भीर प्रश्न खडा हुन पुगेको छ । यो प्रसँगले सरकार राष्ट्रिय स्वाधीनताप्रति गम्भीर नभएको प्रमाणित हुन्छ कि हुँदैन ? यो सामान्य त्रुटी वा कमजोरी मात्र होइन । यो अक्षम्य अपराध हो ।

समय समयमा नक्सा र सिमाको जनस्तरबाट आवाज उठ्दा सरकारबाट हल गरेको जस्तो पनि भान पार्न खोजेको देखिन्छ । तर आवाज मत्थर हुँदा सिमा समस्या र नक्साको दुरूपयोग हुने गरेको पाइन्छ । यो विषय सरकारबाट जनतालाई सिमा र नक्सा सच्चिएको भान पार्ने विषय मात्र होइन बरु

सिमा विवाद रहेका चीन र भारत सरकारसँग कुटनैतिक पहलकदमीद्वारा रणनैतिक रूपमा दीर्घकालीन हल गर्नु पर्ने विषय हो । सरकारको तर्फबाट यसमा तुरुन्त पहल हुनु पर्दछ । यो राष्ट्रिय स्वाधिनता र सार्वभौमसत्ताको गम्भीर प्रश्न हो, खेलवाड कसैबाट हुनु हुँदैन् ।

**निश्कर्ष**

सदियौंदेखि नेपाली जनताले समाजमा व्याप्त विविध प्रकारका शोषण, दमन र अत्याचारका विरुद्ध संघर्ष गर्दै आएका छन् । सो संघर्षको बलबाट देशमा सामन्तवाद विरुद्धको संघर्षको कार्यभार अंशतः पूरा भए पनि राष्ट्रिय स्वाधिनताको रक्षाको ऐतिहासिक कार्यभार सिंगै बाँकी नै रहेको छ। विगतदेखि हालसम्मको राजनैतिक संघर्षको इतिहासले के पुष्टी गरेको छ भने राष्ट्रिय स्वाधीनता रक्षाको कार्यभार पूरा नगरिकन कुनै पनि देशमा राजनैतिक क्रान्ति सम्पन्न हुदैन । राजनैतिक क्रान्ति पूरा नभई देशमा आर्थिक समृद्धि र स्थायित्व असम्भव छ । राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नलाई गौण बनाई गरिने संघर्ष र सम्झौताले राज्यसत्ता बदल्नुको सट्टा मात्र शासन सत्ताको फेरवदलमा सिमित हुन पुग्ने र दलालहरूको सत्ता निर्माण हुन पुग्दछ । शासनसत्ताको फेरबदलमा मात्र सिमित हुने र दलालहरूको हातमा सत्ता हुने मुलुकमा राजनीतिक अस्थिरता र राष्ट्रिय स्वाधिनता गंभीर संकटमा पर्ने नियति बन्न पुग्दछ ।

तसर्थ बैदेशिक शक्ति र तिनका दलालहरूमार्फत हुने भौगोलिक, राजनैतिक, आर्थिक, साँस्कृतिक, जनसंख्या र जलस्रोतमाथिको अतिक्रमणका विरुद्ध राष्ट्रिय जागरण अनिवार्य बनेको छ । "देश रहे हामी रहन्छौं" राजनीति रहन्छ भन्ने मान्यता साथ सम्पूर्ण देशभक्तहरूबीच मोर्चाबन्दी गर्न अव विलम्ब गर्नु हुदैन । बर्तमान नेपालको सीमालाई सुरक्षित गर्ने विषयलाई सुनिश्चित गर्न बिशाल नेपालको सीमाको विषयलाई पनि लिएर अघि बढ्न जरुरी छ । त्यसका निम्ति राजनैतिक दवाव, कुटनीतिक पहलकदमी र कानुनी तरिका सबै प्रयोग गर्नु पर्दछ । कालापानी, सुस्तालगायतका विवादीत सीमाहरूको समस्या हल गर्न बनेको सचिवस्तरीय आयोगको बैठक बस्न सरकारलाई दवाव दिनु पर्दछ । नेपाल-भारत सरकारबीच भएको पुराना सन्धि सम्झौता र प्रमाणका आधारमा कालापानीबाट भारतीय सेना फिर्ता पठाउन कुटनीतिक पहल गर्नु पर्दछ । नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा जलस्रोतलाई नेपालको हितमा प्रयोग गर्ने गरी सन्धी सम्झौता गरिनु पर्दछ । सबै असमान सन्धिहरू खारेज गरि समानताका आधारमा नयाँ सन्धि सम्झौता गरिनु पर्दछ । नेपाली नागरिकता वितरणलाई सस्तो बनाउने होइन, वास्तविक नेपालीहरू बाहेक अरुले वंशजको आधारमा नागरिकता नपाउने कुराको सुनिश्चित गरिनु पर्दछ । राजनैतिक र आर्थिक रूपमा देशलाई विदेशी हस्तक्षेपबाट मुक्त परिस्थिति निर्माण गरिनु पर्दछ । सत्ता स्वार्थलाई केन्द्रीत बनाई देशको राष्ट्रिय स्वाधिनतालाई तिलाञ्जली दिने कुरा, जुन अहिलेसम्म हुँदै आएको छ, लाई भण्डाफोर र प्रतिरोध गरिनु पर्दछ । शासनसत्तामा बस्ने व्यक्तिको नियत र स्वभावको कुरा मात्र होइन, विगतका शासनसत्ता र अहिलेको लोकतान्त्रिक गणतन्त्रको शासनसत्ताले वास्तवमा देशको राष्ट्रिय स्वाधिनताको रक्षा गर्न नसक्ने कुरालाई व्यवहारतः पुष्टि गरिसकेको छ । देशको राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्दै देशलाई समृद्ध नयाँ नेपाल बनाउन संघीय जनगणतन्त्रात्मक व्यवस्था परिहार्य रहेको कुरालाई ढिला नगरी सबैले मनन गर्नुपर्ने अनिवार्य भएको छ । यसरी मात्र हामीले हाम्रो प्यारो मातृभूमिको रक्षा र जनतालाई सुखी बनाउन सक्नेछौं ।

(प्रस्तुत कार्यपत्र प्रस्तोता सुरेश श्रेष्ठले आइतबार आयोजित अन्तरसम्वाद कार्यक्रममा प्रस्तुत गरेका हुन् ।)

# आलोपालो

## नेपाली जलयातायात र भारतीय स्वार्थ

● निवासचन्द्र श्रेष्ठ

**जलयातायातको पृष्ठभूमि :**

पानीजहाजहरू समुन्द्र र धेरै गहिरो पानी बग्ने फराकिलो नदी र नहरहरूमा पांचशय देखि हजार यात्रीहरू वा हजारौं टन सामानहरू लिएर एउटा महादेशको एक देशबाट अर्को देश वा अर्को महादेशसम्म यात्रा गर्ने ठूला जलयातायात साधन हुन् । साधारण अर्थमा एउटा पानीजहाजमा आपतकालिन उद्दारका लागि आवश्यकताअनुसार डुङ्गाहरू समेत राखेर यात्रा गरिन्छ भने प्राय डुङ्गाहरू आकार, भारबहन क्षमता प्रयोजनको आधारमा पानीजहाजभन्दा धेरै साना हुन्छन् । पानी जहाजको मुख्य योगदान लाखौंको संख्यामा मानव आप्रवासन र व्यापारको क्षेत्रमा रह्यो । अफ्रिका, एशिया र अमेरिकी महादेशहरूमा युरोपको बलिया देशहरूको औपनिवेशीकरण र खासगरी अफ्रिकाबाट युरोप र अमेरिकासम्म लाखौं काला जातिका मानवदासहरूको व्यापारमा पानी जहाजहरूले ठूलो टेवा पुर्‍याएको थियो ।

पन्द्रौं शताब्दीपछि एक महादेशबाट अर्को महादेशसम्म नयाँ खाद्यबालीहरू पानी जहाजहरूबाट पुर्‍याइएको कारणले खाद्य उत्पादनको बृद्धि भई विश्वको जनसंख्या वृद्धिमा सहजीकरण गरेको छ । आज विश्वको व्यापारको ठूलो अंश पानीजहाजहरूबाट भइरहेको छ । सन् २०१६ सम्म विश्वमा ४९००० व्यापारिक पानी जहाजहरू चलेका थिए । यीमध्ये २८ % तेल ट्याङ्कर, ४३ % मालबाहक, १३ % कन्टेनरबाहक र बाँकी यात्रुबाहक, शितभण्डार जडित पानीजहाजहरू, विभिन्न देशका जलसेनाका जहाजहरू र अन्य विशेष प्रयोजनका सामुद्रिक उद्दार र निरीक्षण जहाजहरू रहेका छन् ।

पानी जहाजको आविष्कार दश हजार वर्ष पहिले भएको थियो । आजभन्दा पाँचहजार वर्ष अघि इजिप्टमा ठूलो आकारको र शयौं टन भार बोक्ने र शयौं मानिसहरूले खियाउनु पर्ने पानी जहाजहरू बनाई पिरामिडहरूको निर्माणको लागि ठूला ठूला चट्टानहरू ढुवानी गर्न प्रयोग गरिन्थ्यो र युरोपसँग कपासको व्यापार हुने गर्दथ्यो । यस्तै नेपालको ठूला नदी तथा तालमा डुंगाबाट मानिसहरू वारपार गरी एक गाउँबाट अर्को गाउँ जाने र मानिसहरू, घरपालुवा जनावरहरू र आवश्यक उपभोग्य सामानहरू ढुवानी गर्ने गरेको पाइन्छ ।

पछिल्लो वर्षहरूमा ती नदीहरूमा पक्कीपुल बनेपछि डुंगामाथिको निर्भरता समाप्त भएसँगै डँगा चलाएर जीविका गर्ने माझीहरूको पेशा पनि विस्थापित भयो । विगतमा नेपालमा डुङ्गाबाट लामो दुरीको यात्रा गर्न भौगोलिक अनुकूलता नभएकोले स्थलमार्ग नै आमरूपमा प्रचलित भएको पाइन्छ । दक्षिण एशियामा भुटान र नेपालबाहेक सबै देशहरूमा धेरै पहिलेदेखि आन्तरिक र अन्तर्देशीय व्यावसायिक जल पारवहनहुँदै आएको छ ।

**नेपालको जलयातायातको संभाव्यता**

पानीमा तैरिने वस्तुमा गति पैदा गर्न जमिनमा गुड्ने साधनभन्दा धेरै कम उर्जा खपत हुन्छ । उर्जा खपतको आधारमा स्थल यातायातको साधनमा रेलमार्गको माध्यम सडकमार्गभन्दा तीन गुणा सस्तो छ भने रेलमार्गभन्दा जलयातायात अझ आठगुणा सस्तो छ । जलयातायात स्थल यातायातभन्दा सस्तो मात्र नभएर वातावरणीय दृष्टिले पनि सुरक्षित छ । जल यातायात संसार भरि नै सबैभन्दा सस्तो विकल्प हो । जल यातायात नेपालजस्तो भूपरिवेष्ठित देशका लागि देशभित्र मात्र नभएर वैदेशिक व्यापारको लागि समुन्द्रको पहुँच भएको छिमेकी मुलुकहरू हुँदै क्षेत्रीय यातायातको लागि समेत महत्वपूर्ण छ । । प्राविधिक दृष्टिबाट नेपालमा ठूला र मझौला नदीहरूमा जलयातायातको पूर्वाधार विकास गरी समुन्द्री मार्गबाट पानी जहाज चलाउन सकिने संभावना छ ।

पानी जहाज सञ्चालन गर्नको लागि नदीमा न्युनतम पानीको गहिराई, पर्याप्त चौडाई र नदी माथिको उचाई पनि खुल्ला हुनु आवश्यक छ । डुंगाबाहेक सानो पानी जहाजको लागि न्युनतम ३ मीटर गहिराइसम्म पानीको बहाव भई २० मीटर फराकिलो र नदीमाथि १० मीटर अग्लो क्षेत्र खुला हुनु जरुरी छ । नेपालको पहाडको चट्टानहरू कमजोर र धेरै भिरालो भएकोले वर्षामा भूक्षयको कारण ठूलो परिमाणमा गेग्रान बगाएर समथर मागमा थिग्राउने गरेको छ । मनसुनी हावापानीको कारण नदीहरूमा पानीको बहाव सुख्खा मौसममा वर्षा मौसमको तुलनामा ८० प्रतिशतसम्म पानीको बहाव कम हुने, नदीको पींधमा बालुवा र गेग्रान थेग्रिएर नदीको पींधको सतह बढ्ने र पानीको गहिराई घट्नेहुँदा पानी जहाजको सञ्चालनमा अवरोध आउने प्राविधिक समश्याहरू देखिन्छन् ।

यसबाहेक अग्ला पहाडहरूको बीचमा गहिरो खोँचबाट बग्ने नदीहरू साँघुरो हुने, धेरै भिरालोपन र धेरै घुम्तीहरूको हुने कारण समुन्द्रमा चल्ने ठूलो पानी जहाजहरू पहाडी क्षेत्रको ठूलो नदीमा पनि चलाउन सकिने अवस्था छैन । त्यसकारण नेपालको दक्षिण सीमाबाट करीब बीस किलोमीटरभित्र चुरेको फेद सम्ममात्र वर्षभरि सानो आकारका पानी जहाजहरूमात्र सञ्चालन गर्न सकिने अवस्था देखिन्छ । पहाडी क्षेत्रमा पानी जहाज चलाउन घुमाउरो र सांघुरो नदीहरूको किनारको चट्टान काटेर फराकिलो बनाउनु पर्ने हुन्छ । तर त्यसबाट नदीको किनारहरूमा बनेका राजमार्गहरू असुरक्षित हुने र पहाडको धरातलमा पहिरोको कारण महाभारत खण्डको नदीहरूमा व्यावसायिक जल यातायात धेरै जोखिमपूर्ण हुन्छ ।

**भारतीय स्वार्थ**

भारतले गंगा, ब्रम्हपुत्र र यमुना लगायत ११० वटा नदीहरू जोडेर पश्चिम बंगाल, विहार, उत्तर प्रदेश, झारखण्ड, मध्य प्रदेश, हरियाणा र उत्तराञ्चल प्रदेशलाई खानेपानी, सिञ्चाइ, बाढी नियन्त्रण र जल यातायातको पुर्वाधार तयार गरिरहेको छ । गंगानदीमा नेपालबाट बग्ने नदीहरूको योगदान वर्षामा ४० प्रतिशत र सुख्खामा ७० प्रतिशत हुन्छ । नेपालमा बग्ने नदीहरूमा बर्षाको बाढी नियन्त्रण गर्न र सुख्खा मौसममा पर्याप्त पानीको बहाव कायम राख्नको लागि नेपालको सहयोग र सहभागिता चाहिन्छ । नेपालको कुनै पनि ठूला नदीको पानीको बहाव बर्षामा हजारौं क्युवेक हुन्छ भने सुख्खा मौसममा शय क्युवेक भन्दा कम हुने गर्छ । नदीमा पानीको गहिराई र चौडाई समेत मौसमअनुसार परिवर्तन हुनाले पानी जहाज चलाउने समय अवधि सिमित हुने देखिन्छ ।

अतः गंगामा वर्षभरि जलयातायात सञ्चालन गर्न सुख्खा मौसममा उपयुक्त बहाव कायम गर्न वर्षाको अधिक पानी सञ्चय गर्न नेपालमा बाँधहरू नबनाइ हुँदैन । यसबाट गंगा नदीमा जल यातायात सुनिश्चित हुने, बाढी नियन्त्रण हुने र सुख्खा मौसममा सिंचाइ सुविधा र ...बाँकी ७ पेजमा




## मेची–महाकाली...

सरकार, व्यवस्था र संविधान फालिने उद्घोष गरेका छन् । देशका ३० वटा भन्दा बढी जिल्लामा सयभन्दा बढी विभिन्न कार्यक्रम सम्पन्न गरेको अभियान उद्देश्य अनुरूप मूलतः सफल रहेको चर्चा गर्दै अध्यक्ष गजुरेलले अभियानको क्रममा जनताले सडक आन्दोलनका लागि मोर्चालाई म्याण्डेट दिएको समेत दावी गरे ।

अध्यक्ष गजुरेलले क्रान्ति आवश्यक छ, सम्भव छ र हुन्छ भन्दै त्यसका लागि परिवर्तनकामी आम जनतालाई आव्हान समेत गरे । राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरू विकराल बन्दै गएको चर्चा गर्दै उनले वर्तमान सरकार, व्यवस्था र संविधान रहेसम्म मुलुकले दुर्दसा व्यहोरिरहनु पर्ने समेत टिप्पणी गरे । उनले भने, “अब यो सरकार, व्यवस्था र संविधान फाल्नै पर्छ ।” उनले भने, “त्यसको लागि अब सडक आन्दोलनको नेतृत्व देजमोले गर्छ ।”

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेलले धोका र गद्दारीका कारण सहिदहरूका सपना र संघर्ष पूरा नभएको चर्चा गर्दै क्रान्तिकारी माओवादी पार्टी सहिदहरूले देखाएको बाटोमा निरन्तर अगाडि बढ्ने बताए । अभियानको समापन सभालाई चितवनमा सम्बोधन गर्दै प्रवक्ता कँडेलले यस्तो बताएका हुन् ।

नेता कँडेलले व्यवस्था परिवर्तनका लागि अभियानको क्रममा जनताले पार्टी तथा मोर्चालाई आन्दोलन तथा संघर्षको म्याण्डेट दिएको चर्चा गर्दै वर्तमान दलाल संसदीय व्यवस्था फालेर जनताको व्यवस्था नल्याएसम्म क्रान्तिकारी माओवादीको संघर्षको यात्रा नरोकिने दावी गरे ।

प्रवक्ता कँडेलले वर्तमान दलाल सरकार क्रान्तिकारी शक्तिका विरुद्ध निरंकुश रूपमा प्रस्तुत भइरहेको चर्चा गर्दै अभियानको क्रममा सुर्खेत जनसभाको क्रममा पार्टीका दुई युवाहरू प्रहरी प्रशासनले पक्राउ गरी हिरासतमा राखेको र उनीहरूलाई तत्काल रिहाई नगरिए कडा संघर्षमा उत्रने समेत चेतावानी दिए ।

अभियान समापन समारोहलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव नेता परि थापाले वर्तमान दलाल व्यवस्था, सत्ता र संविधान परिवर्तनका लागि सम्पूर्ण क्रान्तिकारी शक्तिहरू एकढिक्का हुनु पर्दछ भने । चितवनको चौविसकोठीमा भएको सभालाई सम्बोधन गर्दै नेता थापाले वर्तमान लोकतान्त्रिक गणतन्त्र जनताको गणतन्त्र हुन नसकेकोले अब जनताको गणतन्त्र स्थापना गर्नका लागि संघर्ष गर्नुको विकल्प नरहेको बताए । ओली नेतृत्वको सरकारले माफिया, भ्रष्टाचार, अपराधलाई संरक्षण गर्दै अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गरेको टिप्पणी गरे ।

अहिलेको सरकारले ल्याएको भनिएको संघीयता, समावेशी, समानुपातिक नक्कली, ढोंगी, पाखण्डी, गलत र भ्रमपूर्ण रहेको भन्दै यसको भ्रममा नपर्न सबै शोषित उत्पीडित जनमुदायमा नेता थापाले अपिल समेत गरे ।

मोर्चाका सचिवालय सदस्य तथा ३ नं. प्रदेशका संयोजक पवनमान श्रेष्ठको अध्यक्षतामा भएको समापन सभाको सञ्चालन मोर्चाका सचिवालय सदस्य तथा ५ नं. प्रदेशका संयोजक केवी गुरुङले गरेका थिए । समारोहको प्रमुख आतिथ्यता मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको रहेको थियो भने अतिथिहरूमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल, पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, पार्टीका सल्लाहकार संयोजक डा. ओम गुरुङ, पार्टी पिविएमहरू इन्द्रमोहन सिग्देल, सीताराम तामाङ, कमल चौधरी, केशबहादुर परियार, चन्द्रहरि सुवेदी, दिनेश शर्मा, मोर्चाकी सचिवालय सदस्य तथा चितवन जिल्ला इन्चार्ज अम्बिका मुडभरी, पार्टी सल्लाहकार भुमेशवर कँडेल, मगर मोर्चाका अध्यक्ष निलबहादुर पुन, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष विरेन्द्र यादव, दलित मुक्ति मोर्चाका अध्यक्ष अमर परियार, तामाङ मोर्चाका अध्यक्ष फुर्नाम्गेल मोक्तान रहेका थिए । सभालाई स्वागत नेतृ अम्बिका मुडभरीले गरेकी थिइन् । समापन सभामा सामना साँस्कृतिक परिवारको केन्द्रीय टोलीले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गरेको थियो ।

सभामा सप्तगण्डकी कलेजबाट निकालिएको तीनसय विद्यार्थीको ऱ्याली समेत सहभागी भएको थियो । ऱ्यालीको नेतृत्व विध्यार्थी संगठनका अध्यक्ष हरिकृष्ण गजुरेल, सचिवहरू सुर्य कार्की, मनकुमार न्यौपाने, दीपेन्द्र लामिछाने, महेश श्रेष्ठ, केस दिपक पोखरेल, जिल्ला अध्यक्ष कृष्ण सुनार लगायतका नेताहरूले गरेका थिए । ऱ्यालीमा , वालकुमारी, विरेन्द्र बहुमुखी, पोलिटेक्निक, नेपाल पोलिटेक्निक लगायतका विभिन्न कलेजबाट विध्यार्थीहरूलाई समेत सहभागी गराइएको थियो ।

झापाको काँकडभिट्टा, कञ्चनपुरको गड्डाचौकी, काठमाडौंको शान्तिबाटिका, कास्कीको पोखराबाट एकसाथ उद्घाटन भई सञ्चालित मेची-महाकाली अभियानको संयुक्त समापनका लागि चारवटै अभियान टोली चितवन पुगेका थिए । पूर्वी अभियान टोलीका नेताहरू मोर्चाका अध्यक्ष सीपी गजुरेल, पार्टी स्थायी समिति सदस्य हरिभक्त कँडेल, पिविएमहरू कृष्णदेव सिंह दनुवार, कमल चौधरी, काठमाडौंमा उद्घाटन गरिएको अभियानका नेताहरू पार्टी पिविएमद्वय दिनेश शर्मा, पवनमान श्रेष्ठ, पश्चिमी अभियान टोलीका नेताहरू मोर्चाका केन्द्रीय सचिव परि थापा, पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, पिविएमहरू चन्द्रहरि सुवेदी, केवी गुरुङ, प्रेम सुवेदी, पार्टी केसहरू धनेश्वर पोखरेल, हिरामणि दुःखी, पिताम्बर आचार्य, भुपेन्द्र न्यौपानेलगायतका नेताहरू र पार्टी पिविएम तथा मोर्चाका सचिवालय सदस्य केशबहादुर परियार नेतृत्वको अभियान टोलीका नेताहरू अशोक लम्साल, निलबहादुर पुन, नारायण अधिकारीलगायतका नेताहरू चितवन पुगेका थिए ।

पूर्वी अभियन टोलीले १३ वटा जिल्लाका ५० भन्दा बढी ठाउँमा, पश्चिमको टोलीले पनि ५० भन्दा बढी ठाउँमा र ४ नं. प्रदेशले १० भन्दा बढी ठाउँमा कार्यक्रम सम्पन्न गरेका छन् । अभियानको क्रममा कोणसभा, पत्रकार सम्मेलन, सीमा निरीक्षण, अन्तर्क्रिया तथा भेटघाट कार्यक्रमहरू गरिएका थिए । फागुन १४ देखि २१ सम्म सहिद सप्ताह परेकोले अभियानकै बीचमा सहिद परिवारसँग घेटघाट तथा अभिनन्दन समेत गरिएको थियो ।

यसैबीच, १५ दिने मेची-महाकाली अभियानले जनतामा राजनीतिक अन्यौलता चिरेको, समस्याको उजागर र समाधानको विकल्प प्रस्तुत गर्न सफल भएको मोर्चाका अध्यक्ष सीपी गजुरेलले कुराकानीमा बताए । प्रतिक्रान्ति, विश्वासघात र आत्मसर्पणबाट थिलथिलो बनेको माओवादी आन्दोलनभित्र पैदा भएको निराशालाई चिर्दै अभियानले आशावादी बनाएको र ध्रुवीकरण समेत पैदा गरेको संश्लेषण अध्यक्ष गजुरेलको छ । अभियानले क्रान्तिकारी माओवादी तथा मोर्चाका आवाजहरू सुन्ने वातावरण पैदा गरेको र मोर्चाले उठाएका मुद्दाहरूमा जनता समेत कन्भिन्स भएको समेत अध्यक्ष गजुरेलको दावी छ । समग्रमा अभियानले एकातिर चैत्र २४ को जनप्रदर्शन तथा मोर्चाको सम्मेलनको र अर्कोतिर आन्दोलनको भव्य तयारी गरेको पनि अध्यक्ष गजुरेलले बताए ।

## किसान महासंघ...

कमिटि निर्वाचित गर्दै किसान महासंघ (क्रान्तिकारी)को अध्यक्षमा सीताराम तामाङ(काठमाडौं) र महासचिवमा धनेश्वर पोखरेल(प्युठान) लाई निर्वाचित गरेको छ ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले महासंघ(क्रान्तिकारी)का केन्द्रीय सदस्यहरूमा हेमचन्द्र मिश्र (मोरङ), विष्णुलाल सिंह (भरोसी महतो) (सिरहा), थलप्रसाद देवकोटा (सिन्धुली), बावुराम सुवेदी (तनहुँ), खड्गबहादुर मल्ल (बर्दिया), टंकप्रसाद कोइराला (कैलाली), मदन चौधरी (सुनसरी), शंकर पौडेल (उदयपुर), कुमार ढकाल (मोरङ), लोमनाथ भण्डारी (झापा), ढक प्रसाद देवकोटा (सिन्धुली), दिवाकर न्यौपाने (चितवन), प्रकाशवाबु खनाल (चितवन), विष्णु रेग्मी (चितवन), छत्र बहादुर आले (भक्तपुर), सेखरनाथ आचार्य, यमबहादुर कार्की (पर्वत), तिलक प्रसाद बराले (कास्की), टिकाराम काफ्ले, रेशम लाल सार्की (तनहुँ), छविलाल खरेल (परासी), प्रेमबहादुर थापा (बाँके), नन्दराम रोका (दाङ), कमलप्रसाद उप्रेती (कपिलवस्तु), ऋषिराम चौधरी (बाँके), गंगाराम विक (डडेलधुरा) लगायत रहेका छन् । संगठनका निवर्तमान अध्यक्ष भूमिश्वर कँडेलको अध्यक्षता र छवि खरेलको सञ्चालनमा सम्पन्न भेलामा कँडेलले प्रस्तुत गरेको वैचारिक/राजनीतिक तथा सांगठनात्मक प्रतिवेदन र विधान विभिन्न समूहहरूमा व्यापक छलफल गरी महत्वपूर्ण सुझावहरूसहित एक मतले पारित गरेको थियो ।

भेलालाई पार्टी महासचिव किरण, पोलिटव्यूरो सदस्य अटल, अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष कमल चौधरी, अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष अम्बिका मुडभरी, अनेरास्ववियू (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, दलित राष्ट्रिय मुक्ति मोर्चा, नेपालका अध्यक्ष अमर परियारले शुभकामना मन्तव्य दिएका थिए । भेलाले ११ बुँदे समसामयिक प्रस्ताव समेत पास गरेको थियो ।

फागुन २३ गते नवनिर्वाचित किसान महासंघ (क्रान्तिकारी)को केन्द्रीय समितिको पहिलो बैठकले अध्यक्ष, महासचिवसहित हेमचन्द्र मिश्र, थलप्रसाद देवकोटा, खड्ग रहेको हाल ५ जनाको केन्द्रीय सचिवालय समिति गठन गरेको छ । बैठकले प्रदेश नं. १ को संयोजकमा हेमचन्द्र मिश्र, २ नं. मा विष्णुलाल सि)ह (भरोसी महत), ३ नं. मा थलप्रसाद देवकोटा, ४ नं. मा बावुराम सुवेदी, ५ नं. मा खड्गबहादुर मल्ल र ७ नं मा टंकप्रसाद कोइरालाको जिम्मेवारी रहने गरी कार्यविभाजन गरिएको छ । भेलाले विभिन्न १२ वटा घटक संगठनहरू समेत निर्माण गरेको छ ।

भेलाले प्रचार प्रसारलाई व्यापक बनाउँदै किसान आन्दोलनका निम्ति जनचेतना जगाउने निर्णय गरेको छ । निवर्तमान अध्यक्ष भूमिश्वर कँडेललाई भेलाले संगठनको केन्द्रीय सल्लाहकारको रूपमा चयन गरेको छ ।

## कमरेड...

हो । श्रद्धाञ्जली सभामा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'लगायतका नेताहरू, अन्य कम्युनिस्ट तथा वाम पार्टीका नेताहरू, परिवार तथा आफन्तहरू र विभिन्न प्रतिष्ठानका प्रतिनिधिहरूलाई निमन्त्रणा गरिएको छ ।

### सूचना

**क्रान्तिकारी पत्रकार महासंघको फागुन २९ र ३० मा ५ नं. प्रदेशको बुटवलमा हुने भनिएको राष्ट्रिय सम्मेलन तयारी अपुग भएका कारण तत्कालका लागि स्थगित भएको छ । सम्मेलनको अर्को मिति चाँडै तोकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी अनुरोध छ ।**

*– क्रान्तिकारी पत्रकार महासंघ*

यस कार्यालयसँग सम्बन्धी सेवा प्रवाहका विषयमा तपाईंको कुनै गुनासो अथवा सुझाव छ भने हामीलाई खबर गर्नुहोस ।

सम्पर्क:
०७१-५४४२०७
मालपोत कार्यालय
बुटवल, रूपन्देही




**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।